का.जि.प्र.का.द.नं. १००/०५९/६०

३१ जेठ २०८१,
बिहीबार
13 June 2024,
Thursday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २२, अंक १२१ । पृष्ठ १०   Madhyanha National Daily   www.madhyanhadaily.com

## स्रोत नखुलेको पैसाको बिगबिगी

### पाँच वर्षमा ३६ करोड ८३ लाखसहित २ सय ७७ जना पक्राउ

| आर्थिक वर्ष | | पक्राउ |
|---|---|---|
| २०७५/७६ | १५९१०९५९ | १३ |
| २०७६/७७ | ८९००५०० | ७ |
| २०७७/७८ | ७२९२७८५० | ४७ |
| २०७८/७९ | १४०७०१२८६ | ७४ |
| २०७९/८० | ७११५५९०३ | ८४ |
| २०८०/८१ वैशाखसम्म | ५८७६८९८० | ५२ |
| | ३६८३६५४७८ | २७७ |

*स्रोत : नेपाल प्रहरी*

**छबि सापकोटा/मध्यान्ह**
काठमाडौं, ३० जेठ ।

जेठ २३ प्रहरीले स्रोत नखुलेको रकमसहित ४ जना चिनियाँ नागरिकहरुलाई भक्तपुरको जगातीबाट पक्राउ गऱ्यो । भक्तपुरमा चेकजाँचका क्रममा उनीहरुलाई स्रोत नखुलेको ६९ लाख ५ हजार रुपैयाँ थियो । त्यस्तै जेठ २० गते पनि सुनसरीको हरिनगर गाउँपालिका-५ दुर्गा मन्दिर नजिकबाट स्रोत नखुलेको एक करोड एक लाखसहित प्रहरीले एकजनालाई पक्राउ गऱ्यो ।

विगत केही वर्ष यताको तथ्यांक हेर्ने हो भने स्रोत नखुलेको रकमसहित पक्राउ पर्नेको संख्या निरन्तर बढिरहेको छ । स्रोत नखुलेको रकम सबैभन्दा बढी मधेश प्रदेशबाट भेटिएको छ ।

चालु आर्थिक वर्ष २०८०/८१ को वैशाखसम्म देशभरीबाट प्रहरीले पाँच करोड ८७ लाख आठ हजार नौ सय ८० रुपैयाँसहित ५२ जनालाई पक्राउ गरेको छ । स्रोत नखुलेको रकमसहित पक्राउ पर्नेमा सबै भन्दा धेरै मधेश प्रदेशबाट ३० जना छन् । उनीहरुको साथबाट प्रहरीले तीन करोड भन्दा धेरै रकम बरामद गरेको छ । यस्तै लुम्बिनी प्रदेशबाट ९१ लाख ५८ हजारसहित ५ जना, गण्डकी प्रहरी प्रदेशबाट ६२ लाख ८१ हजार बरामद गरेपनि कुनै पनि >>> पृष्ठ २ मा

### सुन र हुण्डीमा प्रयोग

यसरी स्रोत नखुलेको रकम विशेषगरी सुन किन्न र हुण्डी कारोबारको लागि प्रयोग हुने गरेको देखिन्छ । तर, स्रोत नखुलेको रकम पक्राउ पर्दा रकम ओसारपसार गर्ने भरियाको रुपमा प्रयोग भएको व्यक्ति मात्र पक्राउ पर्ने गरेका छन । पक्राउ परेकाहरुलाई समेत पैसाको मालिक को हो भन्ने पत्तै नहुनेगरी सञ्जाल बनाइएको हुन्छ ।

प्रहरीले सुराकीको आधारमा केही करोड स्रोत नखुलेको रकम भेट्टाएपनि अर्बौंको कारोबार हुने अनुमान गरिन्छ । तथ्यांकअनुसार स्रोत नखुलेको रकम भारतसँग नाका जोडिएको क्षेत्रमा बढी कारोबार हुने देखिएको प्रहरीले जनाएको छ ।

तर, पछिल्लो समय काठमाडौं उपत्यकाको नजिकका जिल्लाहरुबाट समेत स्रोत नखुलेको रकम >>> पृष्ठ २ मा



## सिंहदरबारभित्रै बालश्रम महानगरको हस्तक्षेप

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३० जेठ ।



सिंहदरबार राज्य संचालनको प्रमुख क्षेत्र हो । नेपालको नीति तय गर्ने र कार्यान्वयन गर्ने काम सिंहदरवारभित्रै बाट हुन्छ । मानवअधिकार र बाल अधिकारको चर्को कुरा हुने देशको प्रमुख प्रशासनिक निकाय रहेको सिंहदरवारमै बालश्रम रहेको पाइएपछि काठमाडौं महानगरपालिकाले हस्तक्षेप गरेको छ ।

बुधबार सिंहदरबारभित्रका विभिन्न खाजा घर (क्यान्टिन) अनुगमन गरेको महानगर टोलीले त्यहाँ काम गर्ने पाँच बालश्रमिक उद्धार गरेको छ ।

केही दिनदेखि बालश्रमिक विरुद्ध अभियान चलाइरहेको महानगर बुधबार सिंहदरबारभित्र अनुगममा गएको थियो ।

काठमाडौंका विभिन्न क्षेत्रमा बालबालिकामाथि शारीरिक तथा श्रम शोषण भइरहेको सूचना प्राप्त भएपछि उनीहरूको उद्धारका लागि महानगरले एक वर्ष लगाएर 'बाल संरक्षण तथा बालअधिकार सम्बन्धी कार्यविधि २०८०' तयार पारेको छ । सोही कार्यविधि अनुसार स्वयंसेवक खोजी, पीडित बालबालिका खोजीदेखि उद्धार र दीर्घकालीन व्यवस्थापन गर्न लागिएको हो ।

बिभिन्न अध्ययनले नेपालमा बालश्रम रहेको देखाउँछ । सार्वजनिक यातायातमा बालबालीहरु काम गरिरहेका भेटिन्छन् । तर, सिंहदरवारमै बालश्रम देखा पर्नु गम्भीर विषय भएको सरोकारवालाहरु बताउँछन् ।

> नेपालको नीति तय गर्ने र कार्यान्वयन गर्ने काम सिंहदरबारभित्रबाटै हुन्छ । मानवअधिकार र बाल अधिकारको चर्को कुरा हुने देशको प्रमुख प्रशासनिक निकाय रहेको सिंहदरबारमै बालश्रम रहेको पाइएपछि काठमाडौं महानगरपालिकाले हस्तक्षेप गरेको हो ।

पढ्ने, लेख्ने र खेल्ने बेलामा काम गर्न नपाइने र उनीहरुका लागि शिक्षाको व्यवस्था गर्नुपर्ने संवैधानिक व्यवस्था छ । संविधानले माध्यमिक तहसम्मको शिक्षालाई अनिवर्या र निशुल्क भनेको छ । तर, यसको कार्यानवयन हुन सकिरहेको छैन् । नेपालको संविधानको धारा, ५१ मा राज्यका नीतिअन्तर्गत झ (३) बालश्रमलगायत सबै श्रमका शोषण अन्त्यका प्रतिबद्धता गरेको छ । संवैधानिक रूपमा निषेधित र दण्डनीय, विशेष कानुन बालश्रम निषेध र नियमित गर्ने ऐन २०५६, सान्दर्भिक कानुनहरु अनिवार्य तथा नि:शुल्क शिक्षासम्बन्धी ऐन २०७५ कार्यान्वयनमा । बालबालिकासम्बन्धी ऐन, २०७५, देवानी अपराध संहिता २०७४, श्रम ऐन २०७४, मानव ओसारपसार तथा बेचबिखन नियन्त्रण ऐन २)६४ बालश्रम शोषणसँग सम्बन्धित छन् । यी ऐन/कानुनको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन ।

महिला, बालबालिका तथा ज्येष्ठ >>> पृष्ठ २ मा


## गम्भीर ध्यानाकर्षण

नेपालको अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको वैदेशिक रोजगारीबाट प्राप्त रेमिट्यान्सले मुलुकको कूल ग्राहस्थ उत्पादनमा ३३ प्रतिशत योगदान पुऱ्याएको छ । मुलुकमा रेमिट्यान्स भित्र्याउन मुख्य भूमिकामा रहेको वैदेशिक रोजगार व्यवसाय र व्यवसायीहरुप्रति विभिन्न व्यक्ति, समूह, संस्था, संगठन तथा कथित मिडियाबाट केही समययता तथ्य तथा आधारहीनरूपमा आरोप लगाउने र अनावश्यकरूपमा मिडियाबाजी गरी प्रत्यक्ष तथा अप्रत्यक्षरुपमा व्यवसाय र व्यवसायीमाथि भइरहेका आक्रमणहरुप्रति यस नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनको गम्भीर ध्यानाकर्षण भएको छ ।

वैदेशिक रोजगार व्यवसाय गर्ने प्रत्येक व्यवसायी नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयअन्तर्गतको वैदेशिक रोजगार विभागबाट ऐन कानूनले तोकेअनुसार नेपाल सरकारलाई करोडौं रकम धरौटीबापत जम्मा गरी इजाजत पत्र लिएर व्यवसाय गरिरहेका छन् । यसरी नेपाल सरकारबाट अनुमति लिएर व्यवसाय गरिरहेका व्यवसायीमाथि सामाजिक अभियन्ताको नाममा, कथित मिडियाको नाममा, अधिकारवादी संघसंस्थाको नाममा साथै राजनैतिक पार्टीको नाममा समेत यस क्षेत्रमा भइरहेको आक्रमण निन्दनीय छ । वैदेशिक रोजगार क्षेत्रले राष्ट्रिय अर्थतन्त्रमा पुऱ्याएको सकारात्मक योगदानको चर्चा र निजी क्षेत्रका व्यवसायीको योगदानको कदर गर्नुपर्ने अवस्थामा निरन्तर तथ्यहीनरूपमा पूर्वाग्रहपूर्ण दृष्टिकोण राख्नु थप दु:खदायी भएकाले सम्पूर्ण सरोकारवाला क्षेत्र तथा पक्षहरूलाई आफ्नो दृष्टिकोण परिवर्तन गरी समस्याहरूमा छलफल र सहकार्यका लागि विशेष अपिल गर्दछौँ ।

वैदेशिक रोजगारीको क्षेत्रमा भइरहेका विकृति र विसंगती सम्बन्धमा हामी राम्रोसँग जानकार छौँ र क्रमिकरुपमा यस क्षेत्रमा सुधार भइरहेको छ । यस क्षेत्रलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन यस लोकतान्त्रिक एशोसिएसनको महत्वपूर्ण भूमिका रहेको पनि जानकारी गराउन चाहन्छौँ । वैदेशिक राजगारीलाई विधिसम्मत तरिकाले सञ्चालन गर्ने ऐन, कानून, नीति, नियम र न्यायिक निकायहरुले सक्रियता र जिम्मेवारीका साथ काम गरिरहेको अवस्थामा CB Sah नाम बताउने चन्द्रभुषण शाह अध्यक्ष भइ आई.टी. आर्मी नामक संगठन बनाइ रिपोर्टस क्लब नेपालमा कार्यक्रम गरी वैदेशिक रोजगार व्यवसायी र यस पेशालाई प्रत्यक्ष इंगित गरी निजी क्षेत्रका मेनपावरहरु खारेज हुनुपर्ने समेत भन्दै यस क्षेत्रमाथि धावा बोल्दै गरिएका गालीगलौज र अपशब्दहरु घोर आपत्तीजनक र निन्दनीय रहेकाले निज चन्द्रभुषण शाह र निज अध्यक्ष भइ गठन भएको भनिएको आई.टी.आर्मीले तुरुन्त वैदेशिक रोजगार व्यवसायीहरुसँग संस्थागतरुपमा माफी माग्न र आउने दिनहरुमा वैदेशिक रोजगार व्यवसायीहरुको पेशागत मर्यादामा आँच आउने कुनै पनि कार्यक्रमहरु नगर्न-नगराउन र सार्वजनिकरूपमा तथ्यहीन अभिव्यक्ति समेत नदिन अपिल गर्न चाहन्छौं । अन्यथा यस लोकतान्त्रिक एशोसिएसनले आई.टी.आर्मीका विरुद्ध योजनाबद्धरुपमा कार्यक्रमहरु ल्याउन बाध्य हुने संस्थागतरुपमा चेतावनी पनि दिन चाहन्छौं ।

साथै यस्ता अनधिकृत गतिविधिका विरुद्ध वैदेशिक रोजगार व्यवसायसँग सम्बन्धित अन्य घटक संस्थाहरु र नेपाल वैदेशिक रोजगार व्यवसायी संघको आधिकारिक धारणासमेत आम व्यवसायीहरु माझ ल्याउन र यस्ता संवेदनशील विषयलाई सामान्यरुपमा नलिन हुन यसै प्रेस विज्ञप्तिमार्फत अनुरोध गर्दछौं, अन्त्यमा यसरी कानूनी राज्यविरुद्ध धावा बोल्ने र यसरी कानून हातमा लिने प्रवृत्तिविरूद्ध प्रमुख राजनीतिक दल तथा गृह मन्त्रालयको समेत गम्भीर ध्यानाकर्षण गराउन चाहन्छौं ।

**महेश कुमार बस्नेत**
महासचिव
**नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसन**
नयाँबानेश्वर, काठमाडौं, फोन न. ०१–४५६६४२८


**वैदेशिक रोजगार विशेष**

## फेमिसमा समस्या आउँदा यूएईस्थित नेपाली दूतावासमा मागपत्र प्रमाणीकरणको काम प्रभावित

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३० जेठ

वैदेशिक रोजगार विभागले सञ्चालनमा ल्याएको वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस)मा समस्या रहेका कारण यूएईस्थित नेपाली दूतावासमा मागपत्र प्रमाणीकरणको काम प्रभावित भएको छ ।

यूएईस्थित नेपाली दूतावासले जुन १० तारिक अर्थात सोमबारबाट अनलाइन प्रणालीबाट मात्रै मागपत्र प्रमाणीकरणको प्रक्रिया शुरूवात गरिएको सार्वजनिक गरेको थियो । तर फेमिसमा समस्या आएपछि बुधबार दुई दर्जन बढी यूएईका रोजगारदाताको फाइल अपलोड हुन नसकेको नेपाल वैदेशिक रोजगार व्यवसायी संघको विभाग समन्वय समिति संयोजक रहेका संघका सचिव >>> पृष्ठ २ मा

### कुवेतमा विदेशी कामदार बस्ने भवनमा आगलागी
### नेपाली सुरक्षित, ज्यान गुमाउनेमा अधिकांश भारतीय

काठमाडौं/मस- कुवेतको दक्षिणी शहर मंगाफमा बुधबार नेपालीसहित आप्रवासी कामदारहरु बस्दै आएको एक भवनमा आगलागी हुँदा ४३ जनाको मृत्यु भएको छ । आगलागीमा नेपाली कामदारलाई कुनै क्षति नभएको बताइएको छ ।

मृत्यु हुनेमा ४० जना भारतीय नागरिक रहेको र ३ जनाको राष्ट्रियता पुष्टि हुन बाँकी रहेको बताइएको छ । उक्त भवनमा पाँच जना नेपाली कामदार बस्ने गरेकोमा आगलागीको समयमा दुई जना भवन बाहिर रहेको, भवनभित्र रहेका तीन जना धुवाँको मुस्लोमा परेर अस्पताल भर्ना गरिएकोमा एक जना दिउँसो डिस्चार्ज भएको तथा दुई जना सामान्य उपचारमा रहेको कुवेतस्थित नेपाली दूतावासले बताएको छ । >>> पृष्ठ २ मा

### नेपाल आईएलओको 'गभर्निङ बडी'मा निर्वाचित

काठमाडौं/मस- नेपाल अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ)को 'गभर्निङ बडी'मा सर्वसम्मतिले निर्वाचित भएको छ । तीन वर्षे कार्यकालका लागि नेपाल उपसदस्यमा निर्वाचित भएको हो । उपसदस्यको रुपमा नेपालको २०२४ देखि २०२७ सम्मा कार्यकाल रहनेछ । जसमा सरकार, रोजगारदाता र ट्रेड युनियनको प्रतिनिधत्व रहनेछ ।

जेनेभामा जारी आईएलओको ११२ औं अन्तर्राष्ट्रिय सम्मेलनमा गत शुक्रबार मतदान भएको थियो । >>> पृष्ठ २ मा




# धनगढी उपमहानगरपालिकाको आन्तरिक आम्दानी २८ करोड

**सुनिल आउजी/मध्यान्ह**
धनगढी, ३० जेठ

धनगढी उपमहानगरपालिकाले आर्थिक वर्ष २०८०/०८१ मा आन्तरिक आम्दानी झण्डै २८ करोड गरेको छ ।

आर्थिक वर्ष २०७९/०८० को प्रतिवेदनमा धनगढी उपमहानगरपालिकाको आन्तरिक आम्दानी २७ करोड ९२ लाख ४७ हजार ६ सय ४९ रुपैयाँ ५८ पैसा रहेको थियो । धनगढी उपमहानगरपालिकाको आन्तरिक आयको २२ दशमलव ८४ प्रतिशतले आम्दानी गरेको छ । केन्द्रबाट धनगढीले एक अर्ब २२ करोड २५ लाख ७९ हजार तीन सय ६७ रुपैयाँ अनुदान पाएको थियो । धनगढी उपमहानगरपालिकाको आर्थिक वर्ष २०७८/०७९ मा आन्तरिक आम्दानी २२ करोड १९ लाख २२ हजार पाँच सय २० रुपैयाँ नौ पैसा रहेको थियो ।

धनगढी उपमहानगरपालिकाले एक आर्थिक वर्षमा पाँच करोड ७३ लाख २५ हजार एक सय २९ रुपैयाँ ४९ पैसाले आन्तरिक आम्दानी बढाएको छ । धनगढी उपमहानगरपालिकाको २०७७/०७८ को आन्तरिक आम्दानी २० करोड ६९ हजार सात सय ४२ रुपैयाँ १६ पैसा रहेको उल्लेख गरिएको छ ।




आर्थिक वर्ष २०७९/०८० मा धनगढी उपमहानगरपालिकाले योजनासहित आन्तरिक आम्दानी बढाएको देखिएको छ । महालेखा परीक्षकको प्रतिवेदन अनुसार गत आर्थिक वर्षमा धनगढीले एकीकृत सम्पत्ति र घर-जग्गा करबाट चार करोड नौ लाख २८ हजार तीन सय ३२, घर-जग्गा बहाल करबाट पाँच करोड ८७ लाख ३८ हजार नौ सय दुई रुपैयाँ २० पैसा, व्यवसाय करबाट तीन करोड ६३ लाख २२ हजार ९५, बहाल विरौटी शुल्कमा सात लाख २ हजार २ सय ८०, साना सवारी करबाट १० लाख ४६ हजार तीन सय ५० रुपैयाँ आम्दानी गरेको छ। यस्तै, सरकारी सम्पत्ति बिक्रीबाट २ लाख ३२ हजार नौ सय ३१ रुपैयाँ, अन्य सेवा शुल्क वा बिक्रीबाट एक करोड २७ लाख ७० हजार सात सय ८१ रुपैयाँ सङ्कलन भएको छ ।

शिक्षा क्षेत्रको आम्दानी १४ लाख ७५ हजार तीन सय ८५, पार्किङ शुल्कबाट ६४ लाख ५३ हजार नौ सय ९८, नक्सा पासबाट २ करोड ९८ लाख २७ हजार पाँच सय १२, सिफारिस दस्तुरबाट २ करोड नौ लाख तीन हजार आठ सय ३२, व्यक्तिगत घटना दर्ताबाट १४ लाख २ हजार ६ सय ४०, नाता प्रमाणितबाट चार लाख ८३ हजार ६ सय ४०, अन्य दस्तुरबाट ७४ हजार, न्यायिक दण्डबाट ७७ हजार एक सय ७९, प्रशासनिक दण्डबाट १० लाख ४८ हजार चार सय ४४, अन्य राजस्वबाट पाँच करोड ८० लाख ६३ हजार तीन सय ५५ रुपैयाँ २६ पैसा र सरकारी सम्पत्तिको बाहालबाट ८७ लाख ६२ हजार पाँच सय ९२ रुपैयाँ आम्दानी गरेको छ ।

धनगढी उपमहानगरपालिकाले २६ करोड ८८ लाख ४६ हजार आन्तरिक आम्दानीको लक्ष्य राखेकोमा २७ करोड ९२ लाख ४७ हजार ६ सय ४९ रुपैयाँ आम्दानी गरेको धनगढी उपमहानगरपालिकाले जनाएको छ ।

# स्वास्थ्य बीमाको औषधि नपाउँदा सेवाग्राही मर्कामा

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ३० जेठ

रौतहटको उत्तरी भेगमा रहेको चन्द्रपुर सरकारी अस्पतालमा सञ्चालित स्वास्थ्य बीमा कार्यक्रम दुई सातादेखि बन्द हुँदा बिमितहरुले स्वास्थ्य सुविधा पाएका छैनन् ।

स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत निःशुल्क पाइने औषधिको अभावले बीमा फाँट बन्द भएको छ । अस्पतालमा दैनिक एक सय भन्दा बढी बिमितले स्वास्थ्य सेवा लिँदै आएको अभिलेखमा उल्लेख छ ।

अस्पतालबाट औषधि, ओपिडी सेवा, इमर्जेन्सी, ल्याब सेवा, सामान्य अपरेसनलगायतका उपचार पाउने व्यवस्था भएपनि चन्द्रनिगाहपुर अस्पतालमा सञ्चालित स्वास्थ्य बीमा कार्यक्रम औषधि अभावमै बन्द हुनु दुखद भएको सेवाग्रहीले बताएका छन् ।




अस्पतालका डाक्टर तथा ‘बीमा फोकल पर्सन’ रुपेश साहले बीमाबाट वितरण गरिने औषधिको लागि दरभाउ पत्र प्रकाशन गर्न र त्यसको प्रक्रिया पुऱ्याउन समय लाग्ने गरेकाले समयमा औषधि खरिद हुन नसकेकोले बीमा कार्यक्रम प्रभावित बनेको बताए ।

निःशुल्क वितरण गर्दै आएको औषधिमा बीमा बोर्डको निर्णयअनुसार बिमितले पाउने औषधिको कुल मूल्यमा दश प्रतिशत शुल्क लाग्ने भएपछि त्यसको ‘सफ्टवेयर’ निर्माणमा भएको ढिलासुस्तीले पनि बीमा फाँट बन्द गर्नु परेको साहले बताए । अस्पतालमा स्वास्थ्य विशेषज्ञको अभावले गर्दा संवेदनशील रोगका बिरामीले पाउनुपर्ने औषधि समेत पाएका छैनन् । मुटु रोग, माइग्रेन, श्वासप्रश्वास लगायतका बिरामीका लागि चाहिने आधारभूत औषधि बीमा कार्यक्रममा नभएको डा.साह बताए ।

चन्द्रनिगाहपुर अस्पतालका सूचना अधिकारी दीपेन्द्र झाले यसै साताभित्र अस्पतालमा बीमा कार्यक्रमको औषधि उपलब्ध हुने बताए ।

# सन्धिखर्कमा कृषि बजारीकरणका लागि त्रिपक्षीय सम्झौता



**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
सन्धिखर्क, ३० जेठ

‘जीवन आधारको माटो, आत्मनिर्भरता र समृद्धिको बाटो’ भन्ने मूल नारासहित सन्धिखर्क नगरपालिका, पाणिनी गाउँपालिकाका जनप्रतिनिधि, साथी सहकारी संस्थाका प्रतिनिधि र जनता एग्रो फरेष्टी काठमाडौंका प्रतिनिधिबीच सम्झौता भएको छ । सम्झौता भएसँगै अर्घाखाँचीका किसानले उत्पादन गरेका कृषिजन्य बस्तुको अधिकतम् मूल्यमा बजारीकरण गर्ने ग्यारेन्टीसहित सम्झौता पत्रमा हस्ताक्षर भएको सन्धिखर्क नगरपालिकाका नगरप्रमुख कृष्णप्रसाद श्रेष्ठले जानकारी दिएका छन् । कृषिजन्य बस्तुको उत्पादन र बजारीकरणको कार्य गर्दै आएको काठमाडौंको जनता एग्रो कम्पनीले सन्धिखर्क नगरपालिका र पाणिनी गाउँपालिकासँग गरेको सम्झौता अनुसार यहाँ उत्पादन हुने कृषि उपज सामानको बजारभाउ अनुसार उचित मूल्यमा खरिद गर्ने सहमति पत्रमा उल्लेख छ । सम्झौता अनुसार नगरपालिका र गाउँपालिकाले स्थानीय तहमा विभिन्न समूह बनाइ उल्लेखनीय उत्पादन गरी समूहसँग सम्झौता गर्ने र आर्थिक उपार्जन र उत्पादनको कार्यमा अगाडि बढ्नेछन् भने कम्पनी पालिका र कृषि समूहबीच दोस्रो सम्झौता गरी बस्तुबजार पठाने गरी सरकार र निजी क्षेत्रबीच सम्झौता भएको हो ।

**स्रोत...**

व्यक्ति भने पक्राउ परेनन् । काठमाडौ उपत्यका प्रहरी कार्यालयले ६१ लाख ९९ हजारसहित ७ जना, बागमती प्रहरी कार्यलयले ४० लाख ५९ हजारसहित ५ जना, कोशी प्रहरी कार्यलयले २९ लाख १२ हजारसहित ४ जना र सुदूरपश्चिम प्रहरी कार्यालयले ८० हजारसहित १ जनालाई पक्राउ गरेको छ । नेपाल प्रहरीको तथ्यांकअनुसार गत आर्थिक वर्ष २०७९/८० मा सात करोड ११ लाख ५५ हजार ९सय तीन रुपैयाँसहित देशभरबाट ८४ जना पक्राउ परेका थिए । यस्तै आर्थिक वर्ष २०७८/७९ मा १४ करोड सात लाख एक हजार दुई सय ८६ सहित ७४ जना पक्राउ परेको थिए ।

आर्थिक वर्ष २०७७/७८ मा पनि सात करोड २९ लाख २७ हजार आठ सय ५० रुपैयाँसहित ४७ पक्राउ परेका थिए । २०७६/७७ मा ७ जनालाई पक्राउ गरी उनीहरुको साथबाट ८९ लाख पाँच सय रुपैयाँ बरामद गरिएको प्रहरीले जनाएको छ । यस्तै आर्थिक वर्ष २०७५/७६ मा एक करोड ५९ लाख १० हजार पाँच सय ५९ रुपैयाँसहित १३ जना पक्राउ परेका थिए । यसरी २०७५ यता प्रहरीले स्रोत नखुलेको ३६ करोड ८३ लाख ६५ हजार ४ सय ७८ रकम बरामद गरेको छ भने २७७ जनालाई पक्राउ गरेको छ । जसमा सबैभन्दा बढी मधेश प्रदेशबाट मात्रै एक सय ३३ जना पक्राउ परेका छन् ।

**सिंहदरबारभित्रै...**

नागरिक मन्त्रालयकाअनुसार पूर्ण रूपमा बालश्रम अन्त्यका लागि भएका, ऐन/ कानुन, संविधान, नियमावली लगायत नीतिगत व्यवस्थाको प्रभावकारी कार्यान्वयनसँगै सबै मिलेर सचेतना अभियान गर्ने गरिएको छ । कानुन विपरीत, जबरजस्ती, इच्छा विपरीत कुनै पनि बालबालिकालाई रोजगारीमा लगाउनु वा आयआर्जन गर्ने काममा संलग्न गराउनु बालश्रम हो । कमजोर आर्थिक अवस्था, आमाबुबा इँटा उद्योगमा काम गर्न बसाइँ सर्ने हुँदासँगै आउने गरेको, अभिभावकविहीन, संरक्षकको अभाव, आमाबुबाले वास्ता नगर्नु आदि कारण बालबालिकाले श्रम गर्नुपर्ने बाध्यता रहेको यस क्षेत्रमा काम गर्ने सरोकारवालाहरुको बुझाई रहेको छ । इँटा भट्टा, उद्योग कलकारखाना, घरेलु कामदार, यातायात क्षेत्रलगायत विभिन्न क्षेत्रमा काम गर्ने श्रमिक बालबालिका रहने गरेको भनेर हुने गरेको आलोचनालाई समेत चुनौती दिने गरी सिंहदरवारभित्रै बालश्रम देखा परेको हो ।

**सुन...**

ठूलो मात्रामा भेटिन थालेको प्रहरीको तथ्यांक छ । यसरी प्रहरीले बरामद गर्ने स्रोत नखुलेको करोडौ रुपैयाँ भने आन्तरिक राजस्व कार्यालयमार्फत् नेपाल सरकारको धरौटी खातामा जम्मा हुने गरेको छ ।

**फेमिसमा...**

कर्णराज कटुवालले जानकारी दिए ।

त्यसअघि व्यवसायीहरूले सय जनाभन्दा कम संख्याको डिमाण्डमात्रै अनलाइनमा पेस गर्न सकिने र सयभन्दा बढीको डिमाण्ड भएको अवस्थामा रोजगारदाता कम्पनीको प्रतिनिधिसँग छलफल गर्नुपर्ने व्यवस्था दूतावासले गरेको भन्दै असन्तुष्टि जनाएका थिए । बुधबार प्रणालीमा समस्या आएका कारण रोजगारदाता दूतावास पुगेर फर्केपछि व्यवसायी थप निराश बनेको बताइएको छ ।

यसअघि श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालले एक घण्टा भित्रमा श्रम स्वीकृति दिने उद्घोष नै गरेका थिए । मन्त्री अर्यालले फेमिसले काम नगरे विकल्प खोज्ने चेतावनी दिएका थिए । उनले फेमिस प्रणाली आपूर्तिकर्ता, मन्त्रालयको सूचना प्रविधि शाखा र मन्त्रालयको सूचना प्रविधि परामर्शदातासँग छलफल पनि गरेका थिए । तर प्रणालीमा ठोस सुधार नभएको व्यवसायीहरूको भनाइ छ । कतिपयले भने प्रणाली सञ्चालन र मर्मतको ठेक्का पाएको निजी कम्पनीबीच भुक्तानी र कमिशनको कुरा नमिल्दा प्रणालीमा समस्या देखाइएको दाबी गरेका छन् ।

**कुवेतमा...**

घटनापछि दिनभर नेपाली परे/नपरेको अपडेट लिइएको भन्दै नेपाल वैदेशिक रोजगार व्यवसायी संघका महासचिव मेघनाथ भुर्तेलले बुधबार बिहान केही नेपाली कामदार परेको खबर आएपनि साँझसम्म कोही नेपाली नपरेको स्पष्ट भएको बताए ।

कुवेतका वरिष्ठ प्रहरी अधिकारीले बुधबार बिहान दक्षिणी कुवेतको मंगाफ शहरको एशियाली मुलुकका आप्रवासी कामदार बस्ने ६ तल्ले भवनमा आगलागी भएको र त्यसमा परेर ४३ जनाको मृत्यु भएको बताएका छन् । आगलागीमा ३० जना घाइते भएका छन् । मेजर जनरल रशीद हमदले घटनाको जानकारी स्थानीय समयानुसार बिहान ६ बजे पाएपछि उद्धारको काम तीव्रताका साथ शुरू गरिएको बताएका छन् । उनले भुईंतलाको भान्सामा ग्यासको सिलिन्डर विस्फोट भएपछि शुरु भएको आगो पुरै भवनमा फैलिएको बताए ।

आगलागी भएको उक्त भवनमा दक्षिण भारतीय राज्य केरलाबाट वैदेशिक रोजगारीमा गएका कामदार बस्दै आएको बताइएको छ । कुवेतका उपप्रधानमन्त्री फहद यूसुफ अल सबाले घटनास्थलको स्थलगत निरीक्षण गरी जाँचबुझको आदेश दिएका छन् ।

आगलागी भएपछि केहीलाई उद्धार गरिएको भन्दै कुवेत प्रहरीले केही कामदारले धुँवाको मुस्लोमा परेर श्वासप्रश्वासका लागि आवश्यक अक्सिजनसमेत नपाएर ज्यान गुमाएको बताएको छ ।

घटनामा मृत्यु भएका कामदारप्रति श्रद्धाञ्जली व्यक्त गर्दै भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी तथा विदेशमन्त्री एस जयशंकरले गहिरो दुःख व्यक्त गरेका छन् ।

**नेपाल...**

मतदानमा एसिया-प्यासिफिक क्षेत्रबाट नेपाल निर्वाचित भएको हो । १८७ मुलुकले सहभागिता जनाएको मतदानमा नेपालले १८५ मत प्राप्त गरेको थियो ।

आगामी १५ जुनमा ‘गभर्निङ बडी’को बैठकको ३५१औं सत्रबाट नेपालले जिम्मेवारी पाउनेछ । उपसदस्यको हैसियतमा नेपालले श्रम स्तरलाई अगाडि बढाउन, मर्यादित कामको प्रवर्द्धन गर्न र आईएलओमा लोकतान्त्रिक र समावेशी निर्णय प्रक्रियामा त्रिपक्षीय सहयोग अभिवृद्धि गर्न योगदान गर्नै अवसर पाउनेछ ।

नेपालले श्रम बजारमा देखिएका वर्तमान चुनौतीहरुलाई सम्बोधन गर्न विशेषगरी आप्रवासी श्रमिकका लागि नैतिक भर्ना, मर्यादित कामका सिद्धान्तहरु, कार्यस्थलको सुरक्षा तथा स्वास्थ्य, न्यूनतम पारिश्रमिक र सामाजिक सुरक्षालगायतका चुनौतीहरुलाई सम्बोधन गर्न त्रिपक्षीय निकायसँग आवाज थप्न र सहकार्य गर्न सक्षम हुने श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीको निजी सचिवालयले जनाएको छ ।

‘गभर्निङ बडी’ अन्तर्राष्ट्रिय श्रम संगठनको कार्यकारी शाखा हो, जसले संगठनको नीति र योजनाहरु निर्धारण, अन्तर्राष्ट्रिय श्रम सम्मेलनका लागि एजेण्डा तय, प्रस्तावित कार्यक्रमहरु र सम्मेलनमा बजेट पेश गर्नमा महत्वपूर्ण भूमिका खेल्छ । यसमा त्रिपक्षीय संरचनामा ५६ सरकार, ३३ रोजगारदाता सदस्य र ३३ कार्यकर्ता सदस्य छन् । नेपालले २१ फेब्रअरी २०२४ मा एसिया प्यासिफिक ग्रुपमा आईएलओ ‘गभर्निङ बडी’को उपसदस्यका लागि उम्मेदवारी घोषण गरेको थियो ।

२०२४ को २० मार्च र १६ अप्रिलमा भएको मध्य तथा दक्षिण एसिया उपक्षेत्रका राजदूतस्तरीय बैठकपछि नेपाल मध्य र दक्षिण एसिया उपक्षेत्रबाट इरानसँगै अष्ट्रेलिया, इराक, लाओसमा सम्मिलित हुने सहमतिको उम्मेदवारहरुको रुपमा उभिएको थियो । एसिया प्यासिफिक क्षेत्रबाट ‘गभर्निङ बडी’को सहायक सदस्यको रुपमा मलेसिया, फिलिपिन्स र कतार रहेका छन् । सन् १९६६ मा अन्तर्राष्ट्रिय श्रम सगंठनमा आबद्ध भएयता नेपाल दोस्रो पटक सञ्चालक समितिमा निर्वाचित भएको हो ।

यसैबीच श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालले जेनेभामा जारी अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ)को ११२औं अन्तर्राष्ट्रिय श्रम सम्मेलन (आईएलसी)को पूर्ण बैठकलाई सम्बोधन गरेका छन् । मंगलबार साँझ सम्मेलनलाई सम्बोधन गर्दै उनले नेपाल सरकारले घरेलु रोजगार प्रवर्द्धन दशक घोषणा गरेको जानकारी गराए । त्यस्तै नेपाली श्रमिकको श्रमसम्बन्धी सबै खालका समस्या एकद्वार प्रणालीबाट समाधान गर्न श्रमाधान रोजगार योजना शुरु गरेको र अनौपचारिक इकाइ र श्रमलाई औपचारिक बनाउनेतर्फ नेपाल सरकार केन्द्रित रहेको उल्लेख गरे । आईएलओको नवौं महाधिवेशनलाई अनुमोदन गर्ने योजनामा त्रिपक्षीय सहमति भएको उनले बताए । साथै स्वतन्त्रतासम्बन्धी महासन्धि ८७, श्रम निरीक्षणसम्बन्धी महासन्धि ८१ र जबरजस्ती श्रम महासन्धिको २०१४ प्रोटोकललाई अनुमोदन गर्नमा केन्द्रित रहेको मन्त्री अर्यालले जानकारी दिए ।

‘मौलिक सिद्धान्त र काममा अधिकारसम्बन्धी संशोधित आईएलओ घोषणप्रति सदस्य राष्ट्रको रुपमा प्रतिबद्धता अटल छ । हामीले कामको परिवर्तनशील संसारमा श्रम प्रशासन प्रतिवेदनबाट नेपालसँग सम्बन्धित टिप्पणीहरुलाई पनि स्वीकार गर्छौं र सम्बोधन गर्छौं,’ उनले भने । सशक्त महिला, समृद्ध नेपाल कार्यक्रममार्फत आईएलओ, संयुक्त राष्ट्रसंघ, संस्थाहरु र युरोपेली संघको महासन्धि नम्बर १११ सँग नजिकबाट सहकार्य गरिरहेको पनि उनले बताए । त्यस्तै मन्त्री अर्यालले सन् २०२४ को अन्त्यसम्ममा श्रमाधान मन्त्रीस्तरीय सम्मेलन गर्ने जानकारी दिँदै सबैलाई निमन्त्रणसमेत गरे । ‘हाम्रो प्रगतिका बारेमा छलफल गर्न र सहकार्यका साथ एउटा रोडम्याप बनाउनका लागि हाम्रो सुन्दर देशमा तपाईंहरुलाई स्वागत गर्छु,’ उनले भने ।

**मल्टी एग्रो नेसनल इन्भेस्टमेन्ट कम्पनी लि.**
**काठमाडौँ जिल्ला टोखा न. पा. वडा नं. ५**

**शेयर बापतको रकमको किस्ता भुक्तानी**

**प्रथम पटक प्रकाशित मिति : २०८१।०२।३१**

यस कम्पनीको मिति २०८१।०२।२८ गतेको संचालक समितिको बैठकको निर्णय बमोजिम यस कम्पनीको “ख” वर्गको शेयर खरिद गर्न इच्छुक भई शेयर खरिद आवेदन फारम भर्नु भएका सम्पूर्ण आवेदक महानुभावहरुलाइ आवेदन साथ् लिन कबुल गर्नु भएको शेयर बापतको रकम पूर्ण रुपमा दाखिला नभएको अवस्थामा यस सूचना जारी भएको मितिले ३० (तिस) दिनभित्र शेयर बापतको रकमको किस्ता भुक्तानी गर्नु हुन भनि कम्पनी ऐन, २०६३ को दफा ५३ को उपदफा (२) बमोजिम यो सूचना जारी गरिएको छ ।

**Jahada Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Morang , Koshi Province, Nepal**

**Invitation For E-Bid**

**Date of Publication: 31st Jeth, 2081**

1. Jahada Rural Municipality, Office of the Municipal Executive, Morang, Koshi Province, Nepal, invites electronic bids only from Nepalese eligible bidders under National Competitive Bidding Procedures.
2. The details of the project is as follows :

| IFB No. | Work Descriptions | Estimated Amount (With PS Exluding VAT) | Bid Document Cost Nrs. | Last Date Of Bid Submission | Bid Opening Date | Bid Security Amount (NRs) |
|---|---|---|---|---|---|---|
| JRM/WORKS/NCB/080/81-34 | Laxmaniya Chowk Nala Nirman | Rs. 82,49,844.01 | 3000.00 | 12:00 PM on 2081/03/30. | 2:00 PM on 2081/03/30. | 2,15,000.00 |

For other details please visit bolpatra.gov.np/egp

**Chief Administrative Officer**

**UAE मा रोजगारको अवसर**

कम्पनी: **Nadd Al Nihar Security Cleaning Services., Dubai , UAE**
पूर्व स्वीकृती मितिः-२०८१।२।२८ चलानी नं. ६०२२०९२२ LT.No. 306049

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 30 | काममा दक्ष | 1000 | ३६,३२०।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | निःशुल्क | निःशुल्क | कामदार स्वयं रु. ७०० - | कामदार स्वयं रु. १,५०० - | निःशुल्क |

**अन्तर्वार्ता २०८१ असार १० गते ( 24 June, 2024) मेनपावर कार्यालय भनिमण्डलमा हुनेछ।**

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी :- १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला । ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । ६) काममा विदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग,बुद्धनगरमा सम्पर्क राख्नु होला ।

Govt. Lice. No.: 873/066/067
**Kunal Employment Services Pvt.Ltd.**
भनिमण्डल चोक, ललितपुर Tel: 01-5903512, 9851043059, 9818156402, 9749417527
Email:- kunalemp@gmail.com, website: www.kunalemployment.com

**जापान र साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी: SEVEN SAMURAI COOPERATIVE — शहर: Japan
पूर्व स्वीकृत मिति: २०८१/०२/३० चलानी नं.: ६०२२१०५८ LT. No.: 306355

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Japanese Yen | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scaffolding | 2 | 0 | स. काममा दक्ष | 189000 | १६०,४६१ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

कम्पनी: YOUSSEF ABDULLAH JABBARA CONTRACTING COMPANY — शहर: KSA
पूर्व स्वीकृत मिति: २०८१/०२/३० चलानी नं.: ६०२२१०५९ LT. No.: 306356

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 6 | 0 | स. काममा दक्ष | 1000 | ३५,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८१ असार ६ गते (20 June 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | जापान रु.५०,००० साउदी १०,००० |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरीक हुनुपर्ने । **(ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई २८ वर्ष ननाघेको हुनुपर्नेछ** । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) निर्माण सम्वन्धि कामको निमित्त सम्वन्धित उद्योग, उद्यम वा सम्वन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

**दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरु:**
(क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्वन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ। (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र । (छ) नेपालमा आफु कार्यरत रहेको सम्वन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्वन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्वन्धि कागजको प्रतिलिपि ।

**१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति : स्थान यस प्रालिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र**
**२) प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवद्धन खर्च समेतको ) कुल खर्च : जापान रू. ५०,०००, साउदी १०,०००**
**३) प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान अन्तर्वार्ता : प्रा. लि. को कार्यालयमा २०८१ असार ६ गते हुनेछ ।**

**नोट : वैदेशीक रोजगार ऐन २०६४ को दफा ९ वमोजिम महिला, दलित, आदिवासी, जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवंम दुर्गम क्षेत्र तथा दैविक प्रकोप पिडित व्यतिलाई नेपाल सरकारले तोके वमोजिमको संख्यामा आरक्षण प्रदान गरिनेछ ।**

**बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :**
१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस् । आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस् ।
२) आफु काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् ।
३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस् ।
४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस् ।
५) अनिवार्य रुपमा विमा गराउनुहोस् ।
६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस् । सोको एक प्रति आफुसँग राख्नुहोस् ।
७) श्रम स्वीकृतिविना वैदेशिक रोजगारीमा नजानुहोस् । वैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस् । बैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नूहोस् । इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुरा वुझ्नुहोस् । अन्यथा ठगिने सम्भावना हुन्छ ।
८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोस् ।
९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस् ।
१०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस् । ११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस् ।
**नोट: जापानिज भाषा N5 परीक्षा पास गरेको हुनुपर्नेछ । कम्तीमा +2 पास गरेको हुनुपर्नेछ ।**

श्रम ईजाजत नं.: ११५/०५५/०५६
**गण्डकी ओभरसिज कन्सर्न प्रा. लि.**
मिनभवन, काठमाण्डौं, फोन.: ०१-४५९५७४९, ९८५११०९३९१, ९८६९६३४७८८

# कांग्रेस विकासप्रेमी पार्टी हो : नेता साउद

**सुर्य प्रकाश बुढा मगर/मध्यान्ह**
रोल्पा, ३० जेठ

नेपाली कांग्रेसका केन्द्रीय सदस्य तथा पूर्व परराष्ट्रमन्त्री नारायण प्रकाश(एनपी)साउदले नेपाली कांग्रेस विकासप्रेमी पार्टी भएको बताएका छन्।

नेपाली कांग्रेस रोल्पाले आयोजना गरेको अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि साउदले कांग्रेस पार्टी अहिले प्रमुख प्रतिपक्षी दल भएर पनि आम नागरिकले नेपाली कांग्रेसबाट विकासको आशा गरेको बताए।

नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिको जिल्ला स्तरीय भेटघाट तथा अन्तरक्रिया कार्यक्रम रोल्पाको कार्यक्रम १० औं भएको उनले बताए।

कुनै समयमा एकल दुई तिहाई मत लिएको नेकपा माओवादी केन्द्र अहिले विस्तारै कमजोर बन्दै गएको र पछिल्लो समय रुपान्तरणमा पुगेको समेत उनले बताए। 'रोल्पामा पुरानै अवस्थामा फर्कन्छ, तपाईहरु ढुक्क हुनुहोस् र निरन्तर अगाडि बढ्नुहोस्, मेरो शुभकामना छ' साउदले भने।

कार्यक्रममा कांग्रेसका केन्द्रीय सदस्य अब्दुल सत्तारले अब आउने नेपाली कांग्रेस कस्तो हुनुपर्छ ?, र नेपाली कांग्रेसको अवस्था बुझ्न आफू सात वटै प्रदेशको जिल्लामा पुग्ने कार्यक्रम अनुसार आफूहरू रोल्पा आएको बताए।

राजनीति भनेको व्यक्ति अनुभूति र विश्लेषण भएको र जनताको आम समस्यालाई समाधान गर्नु नेतृत्वको दायित्व भएको र पदको लागि राजनीति नभएको उनले बताए।

नेपालमा भ्रष्टाचार र सहकारीमा रकम अपचल गर्ने काम



बढेकाले नेपाली कांग्रेस त्यसलाई निरन्तर आवाज उठाउने गरेको र न्याय दिनको लागि सडकदेखि सदनसम्म आवाज उठाएका कारण संसदीय छानबिन समिति बनेको जिकिर गरे। रोल्पामा नेपाली कांग्रेस एक भएर अगाडि बढी कम्युनिस्ट पार्टीहरुसँग चुनावमा विजयी भएमा मात्र यस अन्तरक्रिया सफल भएको मानिने उनले बताए।

कांग्रेसका केन्द्रीय सदस्य गोविन्द बहादुर शाहीले नेपाली कांग्रेसले माओवादी केन्द्रलाई शान्ति प्रक्रियामा गएको र आम निर्वाचनमा जाँदा नसोचेको परिमाण बेहोर्नु परेको बताए।

नेपाली कांग्रेसमा लागेर ज्यान गुमाएका व्यक्तिलाई कुनै घोषणा र कुनै ठाउँमा उनीहरूको नाम उल्लेख नगर्नु अहिलेको कांग्रेसको लागि दुःखद पक्ष भएको उनले बताए। नेपाली कांग्रेस लुम्बिनी प्रदेशका सभापति अमरसिंह पुन मगरले सिंगो देश, सिंगो कांग्रेस र सिंगो रोल्पा कांग्रेस कहाँ छ ? भन्ने कुरा अहिलेको चिन्ताको विषय भएको बताए।

# अत्यधिक गर्मीका कारण वीरगञ्जका विद्यालयमा फेरि ३ दिन बिदा

**आबिद हुसेन/मध्यान्ह**
वीरगञ्ज, ३० जेठ

तराई-मधेशमा केही दिनयता गर्मी अत्यधिक बढेर जनजीवन नै अस्तव्यस्त भएपछि वीरगञ्ज महानगरपालिकाले शिक्षण संस्थाहरुमा फेरि ३ दिनका लागि गर्मी बिदा दिने निर्णय गरेको छ।

बढ्दो गर्मीका कारण बालबालिकाहरुको स्वास्थ्यमा प्रतिकूल प्रभाव परेको भन्दै वीरगञ्ज महानगरपालिकाले जेठ ३१ गतेदेखि असार २ गतेसम्म महानगरमा रहेका सबै सामुदायिक र संस्थागत विद्यालयहरु बन्द गर्ने निर्णय गरेक हो। यसअघि महानगरपालिकाले गत जेठ १६ देखि १८ गतेसम्म पनि विद्यालयहरुमा गर्मी बिदा दिएको थियो।




बुधबार वीरगञ्ज महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मातृका प्रसाद भट्टराईले एक सूचना जारी गर्दै हाल गर्मी बढिरहेको र अबका केही दिन अझ गर्मी बढ्ने मौसम विभागको पूर्वानुमानलाई मध्यनजर गरी बालबालिकाको स्वास्थ्यलाई ख्याल गर्दै विद्यालयहरुम जेठ ३१ देखि असार २ गतेसम्मका लागि गर्मी बिदा दिने निर्णय गरिएको जनाएका छन्। पर्सा, बारालगायत मध्य तराईका जिल्लाहरुमा जेठ महिना शुरु भएयता गर्मी अत्यधिक बढिरहेको छ। यस क्षेत्रमा तापक्रम बढेर अधिकतम ४० देखि ४३ डिग्री सेल्सियससम्म पुगेको छ।

गर्मी अत्यधिक बढेर विद्यार्थीहरु कक्षाकोठामै मुर्छित हुने अवस्था आएकाले विद्यालयहरुमा गर्मी बिदा दिनुपर्ने भन्दै यहाँका अभिभावकहरुले सामाजिक सञ्जालमार्फत आवाज उठाउँदै आएका थिए।

## राहदानी हरायो

मिति २०८१/०२/१९ गतेका दिन सिनामंगल देखि कोटेश्वरसम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुदाँ पाउनुहुने व्यक्तिले मेरो निम्न ठेगाना वा नजिकको प्रहरी कार्यालयमा बुझाई दिनुहुन अनुरोध गर्दछु।

**नाम: कृष्ण बहादुर पराजुली**
**राहदानी नं.: PA0८५५१८७**
**ठेगाना: सान्ती ऐकता खान्दबारी ३, सङ्खुवासमा**
**सम्पर्क नं.: ९८४०३६३७२५**

## माइग्रेसन हरायो

मेरो निम्न विवरण भएको कक्षा १२ को माइग्रेसन सर्टिफिकेट मिति २०८१ जेठ ६ गते अन्य कागजातसँगै बौद्धदेखि जोरपाटी नारायणटार जाँदा हराएकाले फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा ९८५११८६०६८ मा सम्पर्क गरिदिनुहोला।

**नाम: क्षितिज उपाध्याय**
**रजिष्ट्रेसन नम्बर: ६९२७१७१९३**
**सिम्बोल नम्बर: २२७०२९२२**
**ठेगाना: गोकर्णेश्वर-६ काठमाडौं**


## Urgently Required

A well established foreign employment company is looking for the following staff.

**Office Secretary (Female) — 2 Nos.**

Requirements:
- Dynamic Personality and Good appearance.
- Education level Bachelor (Master degree preferred) with minimum 02 - 03 years of experience in the Manpower Agency recruitment
- Well experience in the Microsoft Office (Excel, Power Point, word), Photoshop have a excellent communication skill and good knowledge of the internet suffering mail writing skill etc.
- To know the FEMIS, DOFE etc system for the labour clearance.
- Schedule the Chairman / Manager meeting appointment with overseas clients.
- Coordinate with the manager for the facilitating operation, documentation and visa application. Be responsible for the document's security for assigning access and for and destroying obsolete documents. Guide the candidate for pre-departure information with proper orientation and brief of the job responsibilities. Maintain the record of End-to-End recruitment.

**Accountant (Male/Female) — 2 Nos.**

Requirements:
- Should have good communication skill.
- Should have computer knowledge.
- Education: Account Background/BBA degree holder.
- Minimum one year + experience in as accountant.
- Also person who have done internship in account sectors like bank, Cooperative, HR (Manpower) etc. can apply.

**Public Relation Officer (Male/Female) — 6 Nos.**

Requirement :
- Preparing all the documents needed to Obtain Pre and Final Approval & Liaising with Department of Foreign Employment.
- Should be familiar with the Online Systems.

**Document Controller (Male/Female) — 2 Nos.**

Requirement :
- Should be atleast 10+2 from a recognized university.
- Should be able to prepare documents like Cvs, and should be familiar with scanner and photocopy machines.

Salary is Negotiable

*Interested candidates may apply their application with a covering letter, up-to-date CV and recent photograph to the email address arjun@aarohihrsolutions.com within 7 days.*

AAROHI HR Solutions Pvt. Ltd.
Govt. Lic. No: 1244/074/075
आरोही एच.आर. सोलुसन्स् प्रा.लि.
Kathmandu Metropolitan-3, Basundhara Kathmandu Nepal.
www.aarohihrsolutions.com info@aarohiirsolutions.com
01-4961807, 4962925



## यूएईमा रोजगार

कम्पनी : MBM GULF ELECTROMECHANICAL L.L.C
शहर : UAE
पूर्व स्वीकृत मितिः २०८१/०२/३०
चलानी नं.: ६०२२१०५६
LT. No.: 306379

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 75 | 0 | सम्बन्धित काममा दक्ष | 900 | ३२,६८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Mason | 25 | 0 | | 1200 | ४३,५८४ | | | | | | | |
| 3. | Shuttering Carpenter | 25 | 0 | | 1200 | ४३,५८४ | | | | | | | |
| 4. | Steel Fixer | 25 | 0 | | 1200 | ४३,५८४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ असार ६ गते (20 June 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला।

Govt. License 1284/074/75
**S.N.Recruiting Service Pvt.Ltd.**
Nagarjun-2, Kathmandu, Nepal Tel: 014890823, 9803334884
E-mail : snrecruitingnepal@gmail.com



## साउदीमा रोजगार

कम्पनीः AL TAWI READYMIX
शहरः Saudi Arabia
पूर्व स्वीकृत मितिः २०८१/०२/३०
चलानी नं.: ६०२२१०५४
LT. No.: 306309

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cement Mixer Driver | 15 | 0 | स. काममा दक्ष | 1500 | ५३,३५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा २०८१ असार ६ गते (20 June 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला।

LUCKY H.R. Solution Pvt. Ltd.
श्रम इजाजत नं. ८७५/०६६/०६७
**लक्की एच.आर. सोलुसन प्रा. लि.**
जावलाखेल, ललितपुर, नेपाल, फोनः ५४२०५६२ ५४५५१८० ५४५०६३४ ५४५५१४४.
Email- info@merocvs.com / info@luckyhrsolution.com


# चौतारा साँगाचोकगढी नगरपालिका
# Chautara Sangachokgadhi Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive
### चौतारा, सिन्धुपाल्चोक
### Chautara, Sindhupalchok
### बागमती प्रदेश, नेपाल
### Bagmati Provance, Nepal

## साझेदारीमा कार्यक्रम संचालन गर्न आर्थिक तथा प्राविधिक प्रस्ताव आह्वानको सूचना

**सूचना प्रकाशित मिति : २०८१/०२/३१**

यस चौतारा साँगाचोकगढी नगरपालिकाको कृषि तथा पशु विकासको क्षेत्रमा निजी क्षेत्र/गैर सरकारी संघसस्थाको साझेदारीमा काम गर्ने उद्देश्यले "साझेदारीमा उद्यम प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि २०८०" कार्यान्वयनमा ल्याइएको छ। यसै कार्यविधिको अधिनमा रही आर्थिक वर्ष २०८०/८१ मा कृषि तथा पशु विकास, वनजन्य, लघुउद्यममा आधारित उद्यम प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्नका लागि साझेदारीमा फलफुल तथा कृषि प्रशोधन उद्योग स्थापना गर्नुपर्ने भएको हुँदा आवश्यक योग्यता पुगेका इच्छुक निजी क्षेत्रका व्यक्ति/कम्पनी/संस्था, समूह/सहकारीहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यसैसाथ संलग्न ढाँचामा गोप्य शिलबन्दी सहित आर्थिक तथा प्राविधिक प्रस्तावना पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। साथै रित नपुगी तथा म्याद नाघी पेश हुन आएका प्रस्ताव उपर कारवाही नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

**आर्थिक प्रस्तावनामा संलग्न हुनुपर्ने कागजातहरु :**

- आर्थिक प्रस्ताव पेश सम्बन्धी निवेदन,
- तोकिएको ढाँचाको फाराममा आर्थिक प्रस्ताव तयार गरी सिलबन्दी हुनुपर्ने,
- फलफुल तथा तरकारी प्रशोधन उद्योग स्थापनाका लागि लाग्ने कुल बजेटको कम्तीमा ३० प्रतिशतले हुन आउने रकम भन्दा बढी साझेदारी गर्ने प्रतिबद्धता पत्र,

**प्राविधिक प्रस्तावनामा संलग्न हुनुपर्ने कागजातहरु :**

- प्राविधिक प्रस्ताव पेश सम्बन्धी निवेदन,
- तोकिएको ढाँचाको फाराममा प्राविधिक प्रस्ताव तयार गरी शिलबन्दी हुनुपर्ने,
- कम्पनी/संस्थाको हकमा दर्ता प्रमाण पत्र, नवीकरण, करचुक्ता प्रमाण पत्र, स्थायी लेखा नं. प्रमाण पत्र, विगत दुई वर्षको लेखापरीक्षण प्रतिवेदन र अनुमति पत्र लिनुपर्नेको हकमा नियमनकारी निकायको अनुमति पत्र,
- कालो सूचीमा नपरेको स्वघोषणा पत्रको सक्कल प्रति,
- फर्म, कम्पनी तथा संघसंस्थाको विवरण (प्रोफाईल),

नोट : पेश हुन आएका प्रस्तावनाहरु म्याद समाप्त भएको भोलिपल्ट दिनको १२:३० बजे कार्यालयमा खोलिनेछ। प्रस्तावना पत्रको नमूना फाराम चौतारा साँगाचोकगढी नगरपालिकाको आधिकारीक वेवसाईट chautarasangachowkgadhimun.gov.np बाट प्राप्त गर्न सक्नु हुनेछ। थप जानकारीका लागि ९८५११५१६८२ मा सम्पर्क गर्न सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**
**चौतारा साँगाचोकगढी नगरपालिका**


GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com
३१ जेठ २०८१, बिहीबार
13 June 2024, Thursday

## सम्पादकीय

### नीतिगत पहलको खाँचो

संसारभर वर्षेनि १२ जुनका दिन बालश्रमविरूद्धको दिवस मनाइने गरेको छ। यो वर्षको नारा 'लेट्स एक्ट एन आवर कमिटमेन्ट: इण्ड चाइल्ड लेबर अर्थात् आ–आफ्नो प्रतिबद्धतामा विचार गरौं र बालश्रम अन्त्य गरौं' भन्ने छ। त्यसैअनुसार बुधबार नेपालका केही संघसंस्था र निकायले बालश्रम विरूद्धको दिवस मनाए। राजधानी उपत्यका शहर रहेको काठमाडौं महानगर पालिकाले सांकेतिक सन्देश दिन सिंहदरबारबाटै बालश्रमिकको उद्धार गरेको छ। सिंहदरबारभित्रका चमेना गृहबाट पाँच जना बालक श्रमिकलाई महानगरको टोलीले उद्धार गरेको हो। महानगरले जस्तै केही प्रदेश र अरू गैरसरकारी संस्थाहरूले पनि श्रमिक बालक उद्धार गरेर सन्देश दिने प्रयत्न गरेको छ। यो त बालश्रम विरूद्धको दिवस मनाउने गरिएको गतिविधि मात्र हुन्।

केही अध्ययनले नेपालमा ठूलो संख्यामा बालश्रमिक रहेको देखाएको छ। झण्डै पाँच लाख बाल श्रमिक रहेको ती अध्ययनहरूको प्रतिवेदनले देखाएको छ। यो संख्या असाध्यै ठूलो हो। तर हाम्रो विगतका नजीरहरूले बालश्रमलाई स्वभाविक मान्ने गरेको छ। बालबालिकालाई श्रममा लगाउन नहुने अन्तर ाष्ट्रिय अभ्यास र मान्यता रहेपनि परम्परागत रूपमा बालबालिका श्रमिक हुनु नेपालको सन्दर्भमा सामान्य हो। तसर्थ सिंहदरबारका चमेना गृहमा भेटिएका बाल श्रमिक ठूलो कुरा होइन। यद्यपि सिंहदरबारभित्रै बाल श्रमिक छन् भने अन्यत्रको अवस्था सहजै अनुमान लगाउन सकिन्छ। सरकारी कार्यालयहरूमा भन्दा बढी अनौपचारिक र नीजि क्षेत्रमा बाल श्रमिक धेरै छन्। उनीहरूको बेलाबेला उद्धार पनि हुने गरेको छ।

तर दीर्घकालीन समाधानको विकल्प उद्धार होइन। उद्धारकै कुरा गर्दा पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीले राजधानीका सडकमा भेटिने सबै बालकलाई उद्धार गर्ने गरेका थिए। सडक मानव मुक्त शहरकै क्रममा बालबालिकाको अभिभावकत्व प्रदान गर्ने कार्यक्रम सञ्चालन गरिएको थियो। तर यस्ता पहलकदमीले दीर्घकालीन समाधान दिन सकेको छैन। जसका लागि नीतिगत व्यवस्थाकै खाँचो पर्छ। कसैलाई रहर लाग्दैमा अथवा यस सम्बन्धी कार्यक्रम रहेको गैरसरकारी संस्थाहरूले बेलाबेला यस सम्बन्धी गतिविधि गर्दैमा बालश्रम मुक्त संस्थाहरू संभव छैन। आवश्यक कानून निर्माण गर्ने, परिवार नपाएका बालबालिकालाई संरक्षण गर्ने संस्थाको सुदृढीकरण गर्ने र शैक्षिक–आर्थिक व्यवस्था मिलाउन आवश्यक छ। नत्र उद्धार गरिएको भोलिपल्टै फेरि बालबालिका श्रमसँगै जोडिन पुग्छन्।

# शैक्षिक भ्रमण : ज्ञानको भरपर्दो स्रोत

अग्रलेख



● निष्णु थिङ

विद्यार्थी जीवन पाठ्यपुस्तकबाटै संसार चिन्ने, थाहा पाउने र संज्ञान निर्माण गर्ने बेला हो। विद्यार्थी हुर्कंदै गएपछि उनलाई पुस्तक बाहेक आफै अवलोकन गरेर सिक्ने र थप ज्ञान हासिल गर्ने अवसर उत्तिकै चाहिन्छ। पुस्तकको ज्ञानमात्रै पर्याप्त हुँदैन। प्रत्यक्ष आफै कुनै स्थान विशेषमा गएर अवलोकन गरेर अनुभव प्राप्त गर्नु पनि ज्ञानको अर्को स्रोत हो। विद्यालय वा कलेजको चौघेराभन्दा बाहिरको दुनियाँसित साक्षात् गराउन निकै आवश्यक छ। पुस्तक मात्रै चिन्नेले आफ्नै देश, भूगोल, संस्कृति र विविधता पनि चिन्न र जान्न जरुरी छ। सरासर पढ्ने र डिग्री हासिल गर्ने अनि रोजगारीमा प्रवेश गर्ने विद्यार्थीको ज्ञानको दायरा सीमित हुने हुँदा उनले कुनै कार्यालयमा गएर सम्पादन गर्ने काम र प्रवाह गर्ने सेवामा फरक पार्छ नै।

यस्तै, विद्यार्थीको ज्ञानको दायरालाई फराकिलो बनाउने उद्देश्यले पंक्तिकार स्वयम्को नेतृत्वमा आजभन्दा १६ वर्ष अगाडि स्वतन्त्र विद्यार्थी युनियनमा निर्वाचित भएपछि श्री चतुर्भुजेश्वर जनता बहुमुखी क्याम्पस सर्लाहीमा पहिलो पटक शैक्षिक भ्रमणको संस्थागत र औपचारिक पहल भएको थियो। त्यो पहलले सार्थकता पायो। त्यतिबेला स्नातक तहसम्म मात्र अध्यापन हुने सो कलेजमा हामीले कक्षा १२ र स्नातक तेस्रो(अन्तिम) वर्षमा अध्ययनरत विभिन्न सङ्कायमा विद्यार्थीहरूलाई शैक्षिक भ्रमणमा क्याम्पसले लैजाने नीतिगत निर्णय गऱ्यौं। त्यसको नेतृत्व तत्कालीन स्ववियुले नै लियो। खासगरी, कक्षा १२ का विद्यार्थीहरूलाई आफ्नै देशभित्र भ्रमणमा जाने प्राथमिक रोजाइ दिइयो। स्नातक अन्तिम वर्षका विद्यार्थीहरूलाई सकभर छिमेकी देशमा जान प्रोत्साहन दिइन्थ्यो। त्यसको खास कारण के थियो भने कक्षा १२ मा पढ्ने विद्यार्थीहरू भर्खरै विद्यालय शिक्षा सकेर आएका हुन्छन्। उमेरले पनि उनीहरू बीस वर्षभन्दा मुनिका नै हुने गरेकोले पहिला आफ्नै देशका पर्यटकीय स्थलहरू भ्रमण गरुन् र चिनुन् भन्ने हो। आफ्नो देशभित्र सुरक्षा र व्यवस्थापनका दृष्टिले अलि सहज हुन्थ्यो। स्नातक तेस्रो वर्षमा चाहिँ विद्यार्थीहरू उमेरले २३/२४ जति हुँदा अलि परिपक्व भइसकेका हुन्छन्। त्यो बेलासम्म उनले आफैले स्वदेशका विभिन्न क्षेत्र घुमिसकेका हुन्छन्। केही हदसम्म आफ्नो देश चिन्ने भइसकेका हुन्छन्। त्यसैले, छिमेकी देशमा जान हामीले प्रोत्साहन गर्थ्यौं।

हामीलाई राहदानी र प्रवेश अनुमति पत्र नचाहिने छिमेकी मुलुक भारत नै हो। तसर्थ, भारतका दार्जिलिङ, कालिम्पोङ, सिक्किम र कलकत्ता, नैनीताललगायत केही विशेष ठाउँहरूमा जान सिफारिस गरिन्थ्यो। छिमेकी देश भ्रमण गर्नाले छिमेकीसितको सम्बन्धमा न्यानोपन ल्याउन सजिलो हुन्छ। भविष्यमा यी विद्यार्थीहरू देशको महत्वपूर्ण स्थानहरूमा पुग्नेछन् र त्यतिबेला छिमेकीसित कसरी व्यवहार गर्ने अहिलेदेखि नै सिकून् र छिमेकी पनि चिनून् भन्ने ध्येय हो। अर्को कुरा, दिल्ली र काठमाडौंको बीचमा मात्रै आदान–प्रदान हुने औपचारिक सम्बन्धले नेपाल र भारतको सम्बन्ध दिगो हुँदैन। अहिले सरकारदेखि सरकारसम्मको कूटनीति न्यून प्रभावकारी भइरहेको बेला यस्ता शैक्षिक भ्रमणले जनस्तरमै सम्बन्धको विकास गराउन सहयोग पुऱ्याउँछ।



#### सामूहिक कार्यको अभ्यास

शैक्षिक भ्रमणलाई अचेल घुमघाममा मात्रै सीमित राखेको पाइन्छ। शैक्षिक भ्रमणलाई आफ्नो मिल्ने साथीहरूको झुण्ड बनायो, आफ्नै तरिकाले घुमेर आउनु ठान्दछन्। शैक्षिक भ्रमण आफैमा अध्ययनको नयाँ पाटो हो। नयाँ ठाउँमा सामूहिकरूपमा गएर नयाँ ज्ञानसमेत हासिल गर्नु हो।

शैक्षिक भ्रमण वर्षमा हामीले विद्यार्थीलाई मानसिक, व्यावहारिक, सामाजिक र आर्थिकरूपमा तयारी गराउथ्यौं। जाने विद्यार्थीहरूलाई क्याम्पसमै प्रशिक्षण दिइन्थ्यो। अनुभवीहरूको अनुभव पनि पनि बताउँथ्यौं। शैक्षिक भ्रमण अवधिमा पालना गर्नुपर्ने कर्तव्य, वहन गर्नुपर्ने जिम्मेवारीहरू र गर्नुपर्ने आवश्यक कामहरूबारे जानकारी गराएर तयारी गरिन्थ्यो। अनुशासनको बारेमा सम्झाउने र बुझाउने काम गरिन्थ्यो। शैक्षिक भ्रमणलाई अध्ययन भ्रमण बनाउन विभिन्न विभागीय समूहहरू बनाउने र आपसमा सहकार्य कसरी गर्ने ती कुराहरू पनि सिकाउँथ्यौं। विभागीय समितिहरूमा जस्तै: प्रतिवेदन लेखन समिति, आर्थिक समिति, स्वास्थ्य समिति, अनुशासन समिति, मेलमिलाप समिति र मूल समिति निर्माण गरेर जिम्मेवारी बाँडफाँट गराउँथ्यौं। यी समितिहरूमा राखेर हामीले विद्यार्थीहरूलाई भविष्यको तयारी गराएका थियौं।

जीवनमा आइपर्ने व्यवहारिक कठिनाइहरूको सामना गर्न पनि यस्तो गर्न आवश्यक छ। एक पटक कालिम्पोङ जाँदा त्यहाँ पुग्दा नपुग्दै केही विद्यार्थीहरू बिरामी भए। नयाँ ठाउँमा कहाँ अस्पताल छ ? कसरी लैजाने ? जस्ता समस्याहरू व्यहोर्न पऱ्यो। अहिलेको जस्तो सामाजिक सञ्जाल पनि थिएन। एक/दुई जना बिरामी भएका कारणले बाँकीलाई त्यतिकै प्रतीक्षा गराउने कुरै भएन। उपचार गर्नेलाई अस्पतालमा व्यवस्थापन गरेर बाँकीलाई पूर्वनिर्धारित योजनाबमोजिम स्थान विशेषमा लगेर जानै पऱ्यो।

*शैक्षिक भ्रमणहरूले विद्यार्थीलाई सीमित पाठ्यक्रम र पाठ्यपुस्तकको घेराबाट बाहिर, खुला संसार र आकाशमा विचरण गर्ने अवसर दिन्छ। विद्यार्थी जीवनपछि हरेकले छनोट गर्ने करियरमा पनि यसले मद्दत गरेको देखिन्छ। विद्यार्थीको ज्ञानको दायरालाई फराकिलो बनाउन शैक्षिक भ्रमण निकै उपयोगी उपाय मान्न मिल्छ।*

पूर्व निर्धारित योजनामा जति विलम्ब भयो, उति नै खर्च बढ्ने हुँदा फटाफट तालिकाबमोजिम चल्नुपर्थ्यो। एकदिन मात्रै विलम्ब हुँदा पचास हजार सरदर खर्च थपिन्थ्यो। त्यो शैक्षिक भ्रमण समूह कार्यको एक नमुना थियो। विद्यार्थीहरूलाई हरेक व्यावहारिक समस्याको जिम्मेवार बनाइन्थ्यो। ताकि उनीहरू आफैले भोगून्, सिकून् र जानुन् भनेर। स्ववियुको उपस्थिति चाहिँ अभिभावकत्वको लागि र विशेष अवस्थामा नेतृत्व लिने मात्रै थियो। यसरी सामूहिक अभ्यासले उनीहरूलाई भविष्यमा कोही सरकारी जागिरमा, कोही राजनीतिमा, कोही व्यापार व्यवसायलगायत विभिन्न पेशागत क्षेत्रहरूमा प्रवेश गर्दा त्यहाँ सामूहिक अभ्यासबिना कुनै पनि परिणाम निकाल्न सकिँदैन। तसर्थ, त्यो शैक्षिक भ्रमण त्यसको लागि पूर्व तयारी नै थियो।

#### लेखनको पूर्वप्रशिक्षण

शैक्षिक भ्रमणलाई अध्ययन र अनुसन्धानसित जोड्न हामीले प्रतिवेदन लेखन समिति बनाएका थियौं। त्यो समितिले प्रत्येक ठाउँको बारेमा प्रतिवेदन लेख्थ्यो। त्यसैगरी, प्रत्येक विद्यार्थीलाई दैनिकी लेख्न दिइन्थ्यो। बेलुका खाना खाएर सुत्नु अगाडि दिनभरिको समीक्षा गरिन्थ्यो। समीक्षामा सबैलाई आफ्नो धारणा राख्न दिइन्थ्यो। स–साना व्यावहारिक समस्याहरूको सम्बोधन गर्ने, अनि प्रतिवेदन लेखन समितिले प्रतिवेदन पढेर समूहमा सुनाउँथे। ज–जसको दैनिकी तयारी छ, तिनका दैनिकी सुनाउन लगाइन्थ्यो। तिनमा सुझाव र आफ्ना धारणा व्यक्त गर्न लगाइन्थ्यो। प्रतिवेदनमा सुझावहरू समेट्दै सुधार पनि गर्थे। त्यसको साथसाथै, विद्यार्थीहरूलाई आ–आफ्ना प्रतिभा प्रस्तुत गराउन लगाउँथे। त्यसमा कोहीले गीत सुनाउँथे, कोहीले कविता, गजल, सायरी र चुट्किला वाचन गर्थे। कोही नाचेर देखाउथे। यसरी प्रतिभा प्रस्फुटनको पनि राम्रो अवसर हुन्थ्यो। प्रत्येक दिन सुत्नु अगाडि भोलिको योजना बनाएर त्योअनुसार तयार भइदिन सबैलाई जानकारी गराइन्थ्यो। भ्रमण सकेर आएपछि प्रतिवेदन, नियात्रा, अवलोकन र अनुभूति पनि पुनः लेख्न लगाएर क्याम्पसमा हामीले स्थापना गरेका साहित्य, कला तथा प्रतिभा प्रदर्शनी बोर्डमा राख्थ्यौं।

#### देश चिन्ने र समाज बुझ्ने

वास्तवमा ती शैक्षिक भ्रमणहरू देश चिन्ने र समाज बुझ्ने महत्वपूर्ण अवसर थिए। कालिम्पोङमा विज्ञान केन्द्र रहेछ। त्यहाँ डाँडामा कसरी भव्य विज्ञान केन्द्र निर्माण गरेको देखियो। त्यहाँ भारतका सबै वैज्ञानिकहरूका सालिक थिए। अहिले हामीलाई सामान्यजस्तो लाग्ने दूरसञ्चार (फोन, मोबाइल) को प्रारम्भिक आविष्कार कस्तो थियो ? त्यो प्रत्यक्ष हेर्न र अवलोकन गर्न पायौं। उहिले दूरसञ्चार सुविधा नहुँदा (फोन) टाढा–टाढाका मान्छेहरू कसरी संवाद गर्थे ? उतिबेलाका वैज्ञानिकहरूले परिकल्पना गरे, आविष्कारको प्रयास गरे। त्यहाँ लामो पाइप राखेको थियो। डाँडाको एक छेउबाट अर्को छेउसम्म। एक छेउमा एकजना र अर्को छेउमा एकजना मान्छे गएर ढ्वाङमा आवाज दिन थालेछन्। आपसमा कुराकानी गर्न थालेछन्। त्यसरी पाइपको एकछेउबाट अर्को छेउमा ध्वनि प्रसारित भएको देखेर वैज्ञानिकहरूले फोनको परिकल्पना गर्न थालेका रहेछन्। त्यसैको विकसितरूप अहिले हामी सबैको हात हातमा मोबाइल फोन छ।

अर्को, त्यहाँ सौर्यमण्डल रहेछ। सौर्यमण्डलको बारेमा पढाउँदा रहेछन्। अँध्यारो सुरुङ भएर एउटा ठूलो कालो कोठामा हामीलाई राख्यो। अनि करिब एक घण्टासम्म सौर्यमण्डलको बारेमा पढायो। सौर्यमण्डलका ग्रहहरू यति नजिक देखिन्थे कि तिनलाई छुन सकिन्छ जस्तो हुन्थ्यो। सौर्यमण्डलको विभिन्न ग्रहहरूको बारेमा परिचय गराउँथे। त्यसले अन्तरिक्षसम्बन्धी राम्रो ज्ञान दियो। दार्जिलिङमा चिडियाखाना हेरियो, ढुङ्गाको बगैंचा (रक गार्डेन), रक क्लाइम्बिङ, पर्वतारोहण पनि गऱ्यौं। टाइगर हिल्समा गएर सूर्योदय हेऱ्यौं र गोरखा स्मारक पनि अवलोकन गरियो।

त्यस्तै, महत्वपूर्ण पदयात्रा बारे संक्षिप्त चर्चा गरौं। प्रायजसो: कक्षा १२ का विद्यार्थीहरूलाई गोरखाको मनकामना दर्शन गराउन लैजाँदा हामी पैदल यात्राबाट जान्थ्यौं। लुम्बिनी, बुटवल, पाल्पा र पोखरा हुँदै घर फर्किने रुटमा पारेर मनकामना जान्थ्यौं। दिनभरी पोखराका अन्तर्राष्ट्रिय पर्वतारोहण संग्रहालय, सराङकोट, फेवाताल, सेतो गुम्बा घुम्दै बास बस्न साँझमा हामी गोरखाको आबुखैरेनी पुग्थ्यौं। बिहान चारै बजे त्यहाँबाट उकालै उकालो लागेर सुन्तलाको बगैंचाघारी हुँदै मनकामनाको डाँडामा चढ्यौं। बाटोभरी सुन्दर पहाडका दृश्यहरू र मनोरम जङ्गल र सुन्तलाको बगैंचा। हामीले ठ्याक्कै सुन्तला पाक्ने सिजनमा शैक्षिक भ्रमणको तालिका बनाउँथ्यौं। कार्तिक पहिलो हप्तादेखि मंसिरसम्मको त्यो समय आकाश खुल्ला हुन्छ। पर परका हिमालहरू देखिन्छ। बाटाभरि ताजा–ताजा सुन्तला बोटमै आफैले टिपेर खाना पाउँछन्। बोटमै पाँच रुपैयाँ किलो सुन्तला खाएको स्वाद अझै जिब्रोमा छ। विद्यार्थीहरूलाई अगाडि पठाएर हामीचाहिँ अन्तिममा बस्थ्यौं। हाम्रा क्याम्पसका शिक्षक अनिता मेडमका अनुभव र मीठा मीठा कुरा सुन्दै त्यसमाथि ताजा ताजा सुन्तला खाँदै पदयात्रा गर्दा उकालोको थकाइ नै त्यति लाग्दैनथे। करिब चार/पाँच घण्टा समय लाग्थ्यो त्यो माथि मनकामना पुग्न। सुन्तलाको केस्रा केस्रा केलाउँदै उकालो चढ्दा पहिला आफूभन्दा माथि देखिने सेता तुवालाहरू, स–साना बादलहरू चढ्दै जादा तल देखिन्छ। ती दृश्यहरू साह्रै मनमोहक थिए। बाटाभरिका हामीले दश/पन्ध्र किलो सुन्तला नै सकाउँथ्यौं।

यसपालि तिनै आफू पढेको क्याम्पसमा धेरै वर्षपछि जान पायो। थाहा भो, हामीले शुरु गरेका त्यो शैक्षिक भ्रमणको कार्यक्रमले अझै निरन्तरता पाइरहेको रहेछ। त्यसले साह्रै हर्षविभोर र गौरवान्वित गरायो। १६ वर्ष अगाडिको विगततिर पुनः तान्यो। विद्यार्थी जीवनका यस्ता घट्नाहरू मीठा र स्मरणीय लाग्छ नै। यस्ता शैक्षिक भ्रमणहरूले विद्यार्थीलाई सीमित पाठ्यक्रम र पाठ्यपुस्तकको घेराबाट बाहिर खुल्ला संसार र आकाशमा विचरण गर्ने अवसर दिन्छन्। विद्यार्थी जीवनपछि हरेकले छनौट गर्ने करियरमा यसले मद्दत गरेको नै देखियो। त्यसैले, शैक्षिक भ्रमण एउटा गतिलो आफ्नै इन्द्रियले संसार चिन्ने र बुझ्ने भरपर्दो माध्यम हो। नयाँ ज्ञान हासिल गर्ने रमाइलो स्रोत पनि हो।

## सामाजिक सञ्जाल



**- डम्मर खतिवडा**

एमाले–माओवादी कमरेडहरूले के बुझ्नु आवश्यक छ भने उनीहरूले बनाएको कानुनको आँखामा फडिन्द्र देवकोटाले गरे जस्तो देखिएला–जनताको आँखामा, लोकतन्त्र र जनादेशको सिद्धान्तमा स्वयम् उनीहरूले फ्लोर क्रस गरेका हुन्। चुनावमा एउटा, सरकार बनाउँदा अर्को गठबन्धन सबैभन्दा ठूलो फ्लोर क्रस हो।



**- किशोर नेपाल**

प्रधानमन्त्री प्रचण्डले भारतका नवनिर्वाचित प्रधानमन्त्री मोदीसँगको संक्षिप्त भेटमा नेपाल–भारत सम्बन्धका जटिलताहरूको समाधान खोज्नु भो। अब एक साताभित्र परिणाम आउने आशा गरौं। भारतमा मोदी है तो मुमकिन है। नेपालमा प्रचण्ड है तो मुमकिन है। एमाले अध्यक्ष ओलीको प्रतिक्रिया के होला ?



**- कृष्ण अर्याल**

प्रधानमन्त्री र उहाँको परिवारको लवाई खवाई र ऐयासीबारे धेरै चिन्ता नगर्नुस् महोदय। देशको प्रधानमन्त्रीको यत्तिको हैसियत हुनैपर्छ, आफू परिवार आसेपासे हुँदै जनतासम्म यो सुविधा र शान बिस्तारै आउने नै छ। देश बनाउने मिसनमा उहाँ आजीवन अहोरात्र खटिनुभएको यहाँहरूलाई विदितै छ। प्रमको विरोध नगरौं।



**- रमेशनाथ पाण्डेय**

सार्कको अध्यक्ष नेपालका प्रधानमन्त्रीले भारत भ्रमण 'असाधारण' मोदीसँगको वार्ता 'सकारात्मक' र नेपाल भारतबीच धेरै पहिले नै स्थापित 'सयन्त्रहरू सक्रिय बनाउने समझदारी बनेको' दाबी गरे। तर यी दाबीहरू बारे दूरदर्शन न्यूज मात्र हैन, स्वयम् प्रधानमन्त्रीको ट्वीटर पेज पनि मौन छ।

# शिक्षकको राजनीतिक डि.एन.ए

विचार



● बिदुर दाहाल

*लोकतन्त्रमा पार्टीहरूको भूमिका महत्वपूर्ण हुन्छ। शिक्षकले पार्टी मन पराउनु र उसलाई मतदान गर्नु अधिकार भए पनि खुलेआम कार्यकर्ता भएर हिँड्नु स्वभाविक हुँदैन। पार्टीको नेता र कार्यकर्ता भएर भौंतारिनु लज्जाको विषय हो।*

शिक्षकको राजनीतिक डि.एन.ए. परिक्षण गर्नु हुन्छ कि हुँदैन ? अहिले व्यापक बहसको विषय बनेको छ। आदिम कालदेखि शिक्षकलाई (गुरु) सम्मान गर्दै समाजमा ज्ञान र चेतनाको दियो जगाउने पात्रको रूपमा हेरिएको छ। शिक्षक समाजको आँखा हो। दिमाग हो। हिन्दु धर्मशास्त्रले सम्मान गर्दै 'गुरु ब्रह्म, गुरु विष्णु, गुरुदेवो महेश्वरा' भनेको छ। यो सम्मान शिक्षकले कायम गर्ने कि नगर्ने मुख्य सवाल हो। एककाइसौं शताब्दीको सूचना युगमा गुरुको भूमिका कस्तो हुनुपर्छ, त्यो पाटो पछि केलाउला। कस्तो शिक्षक समाजलाई चाहिन्छ, त्यो बहस होला। अहिलेलाई शिक्षकको भूमिका ज्ञानको ज्योति फैलाउने र समाजलाई बाटो देखाउने पात्र भएकोले एउटा राजनीतिक पार्टीको कार्यकर्ता भएर हिँड्नु हुन्छ कि हुँदैन भन्ने कोणबाट मात्र चर्चा गर्न खोजिएको छ।

देशमा राणा शासन तथा एक दलीय व्यवस्था हुँदा वाक स्वतन्त्रता बर्जित थिए। त्यस्तो बेला शिक्षकले विद्यार्थीको माध्यमबाट समाजमा चेतना फैलाउनु र राज्य व्यवस्थाविरुद्ध लाग्न प्रेरित गर्नु स्वभाविक थियो। त्यो स्वीकार्य थियो। राज्य देश र जनताको पक्षमा नहुँदा त्यसविरुद्ध शिक्षकले चेतना फैलाई समाज परिवर्तनमा भूमिका खेल्नु दायित्व थियो। त्यो कर्तव्य थियो।

तर, व्यवस्था परिवर्तन भइ दुनियाँको उत्तम व्यवस्था गणतन्त्र युगमा शिक्षक कांग्रेस, एमाले, माओवादी वा अरु कुनै वादी भएर हिँड्नु चाहिँ स्वभाविक हुन सक्दैन। उसले आफूलाई पार्टीको कार्यकर्ताको रूपमा प्रस्तुत गर्नु जरुरी छैन। शिक्षक राष्ट्रको हुन्छ। पार्टीको कार्यकर्ता हुँदैन। त्यसकारण शिक्षकलाई पार्टी विशेषको राजनीतिक कार्यकर्ताबाट बाहिर निकाल्नै पर्छ। यो अर्थमा शिक्षकको राजनीतिक डि.एन.ए. निष्क्रिय हुनुपर्छ।

पार्टीका नेताले यसमा विरोध गर्नु स्वभाविक हो। किनकी उनीहरूलाई चुनाव जिताउने कार्यकर्ता चाहिएको छ। नेपालका नेताले चुनाव बाहेक अरु सोचेकै हुँदैनन्। शिक्षकले पार्टीको राजनीति धानिदिएको अवस्थामा छ। नेतालाई चिन्ता लाग्नु स्वभाविक हो। शिक्षक पार्टीको कार्यकर्ता भएर हिँड्ने कि नहिँड्ने ? मुख्य सवाल यो हो।

शिक्षकको आफ्नो विचार हुन हुन्छ। विचार बोक्न पाउनु संवैधानिक अधिकार हो। यो अधिकार नेपालको संविधानले दिएको छ। शिक्षक जागिर मात्र होइन; सेवाको पेशा हो। उसले आफ्नो मूल धर्म पहिला निभाउनु पर्छ। शिक्षक समाजको मोडेल हो। मोडेल नै हुनुपर्छ। आफ्नो विचारलाई गोप्य मतदानमा उपयोग गर्नु जायज हुन्छ। कथा र परिवेशले खोजेको यही हो। लोकतन्त्रमा पार्टीहरूको भूमिका महत्वपूर्ण हुन्छ। शिक्षकले पार्टी मन पराउनु र उसलाई मतदान गर्नु अधिकार भए पनि खुलेयाम कार्यकर्ता भएर हिँड्नु स्वभाविक हुँदैन। पार्टीको नेता र कार्यकर्ता भएर भौंतारिनु लज्जाको विषय हो। यसले शिक्षकको कद घटाउँछ। घटाएको छ। समाजले स्वीकार गरेको मूल्य मान्यतालाई तिलाञ्जलि दिँदै पार्टीमा लागेर यो वा त्यो पक्षको वकालत गरेर हिँड्ने शिक्षकको राजनीतिक डि.एन.ए. पहिचान गरि निष्क्रिय बनाउनु आजको आवश्यकता हो।

## तपाईंको राशिफल

| | | |
|---|---|---|
| मेष | : | प्रसन्नतामा वृद्धि हुनेछ। स्वास्थ्य राम्रो रहनेछ। |
| वृष | : | लेनदेनमा सावधानी राख्नुहोला। मनोबल उच्च रहनेछ। |
| मिथुन | : | सन्तान सुखमा वृद्धि हुनेछ। व्यवसायमा लाभ मिल्नेछ। |
| कर्कट | : | सन्तुलित आहार लिनुहोला। पेटसम्बन्धी समस्याको योग छ। |
| सिंह | : | आर्थिक कार्यमा अनुकूल प्रगति हुनेछ। सन्तान सुख प्राप्त हुनेछ। |
| कन्या | : | खर्चमाथि नियन्त्रण राख्नुहोला। धार्मिक कार्यमा सहभागिता बढ्नेछ। |
| तुला | : | जग्गा खरीद हुने योग छ। व्यापारिक प्रगति राम्रो हुनेछ। |
| वृश्चिक | : | राजनीतिक कार्य सफल हुनेछ। नयाँ काम बन्ने योग छ। |
| धनु | : | सम्पर्कमा वृद्धि हुनेछ। शिक्षामा लाभ मिल्नेछ। |
| मकर | : | राजनैतिक कार्यमा रोकावट आउनेछ। पारिवारिक कार्य सफल हुनेछ। |
| कुम्भ | : | वाणी संयम राख्नुहोला। जोखिम लिनु हुँदैन। |
| मीन | : | साहसिक कार्य सफल हुनेछ। पारिवारिक कार्य सफल हुनेछ। |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# बागमतीकी उपमेयर मोक्तान पनि निलम्बित, को होला अब कार्यबाहक मेयर ?



**लक्ष्मण यादव/मध्यान्ह**
सर्लाही, ३० जेठ

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मंगलबार विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेसँगै सर्लाहीको बागमती नगरपालिकाकी उपमेयर लिला कुमारी मोक्तान पनि निलम्बनमा परेकी छिन् ।

यसअघि २०८० चैत २८ गते अख्तियारले ५ करोड ३३ लाख रुपैयाँ अवैधानिक तरिकाले कमाएको दाबी गर्दै मेयर भरत कुमार थापाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेपछि उपमेयर मोक्तानले कार्यबाहक मेयरको रुपमा जिम्मेवारी सम्हालेकी थिइन् । तर मंगलबार मेयर थापासँगै नगरपालिकाकी उपमेयर मोक्तान, तत्कालीन निमित्त प्रमुख प्रशासकीय विमल पोखरेल, तत्कालीन लेखा अधिकृत विश्वराज पोखरेल र जिल्ला समन्वय समिति सर्लाहीका तत्कालीन प्रमुख मेथुर चौधरीविरुद्धसमेत अख्तियारले 'भरत ताल'को रुपमा चर्चित बागमती माछा पोखरी निर्माण कार्यमा भ्रटाचार गरेको दाबीसहित विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

मंगलबार अख्तियारको मुद्दासँगै बागमती नगरपालिकाकी कार्यबाहक मेयरको जिम्मेवारी सम्हालेकी उपमेयर मोक्तानसमेत निलम्बनमा परिन् । अब बागमती नगरपालिकामा १२ वटा वडाका अध्यक्षहरु मध्येबाट एक जनाले कार्यबाहक मेयरको जिम्मेवारी सम्हाल्नुपर्ने अवस्था आएको छ । तर स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा मेयर/उपमेयर वा अध्यक्ष/उपाध्यक्ष नै निलम्बनमा परेको अवस्थामा पालिकाको कार्यबाहक मेयर/उपमेयर वा अध्यक्ष/उपाध्यक्षको जिम्मेवारी कसले सम्हाल्ने भन्ने व्यवस्था नै छैन । अब बस्ने मन्त्रिपरिषद्को बैठकले यस विषयमा निर्णय गरेर बाटो खोल्ने भन्ने अनौपचारिक जानकारी आफूले पाएको बागमती नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिलाल पुरीले बताए ।

निर्वाचित वडाध्यक्षहरु मध्येबाट सहमतिमा कार्यबाहक मेयरको जिम्मेवारी तोक्ने वा सहमति हुन नसके वडाध्यक्षहरुकै मतदानबाट तोक्ने गरी व्यवस्था मिलाउने बारेमासमेत मन्त्रिपरिषद्बाट निर्णय हुन सक्ने जानकारहरुले बताएका छन् । ज्येष्ठ वडाध्यक्षलाई स्वत: कार्यबाहक मेयरको जिम्मेवारी दिने व्यवस्था हुँदा पालिकाको नेतृत्व सक्षम जनप्रतिनिधिको हातमा नपर्न सक्ने सम्भावना अधिक भएकाले सकेसम्म सहमतिमै नेतृत्व चयन गर्ने गरी निकास आउनुपर्ने जानकारहरुको भनाइ छ। यदि ज्येष्ठ वडाध्यक्षलाई नै जिम्मेवारी दिने व्यवस्था भएमा वडा नम्बर ४ का वडाध्यक्ष ६४ वर्षीय कृष्ण बहादुर लामा कार्यबाहक मेयरको जिम्मेवारीमा हुने छन् ।

बागमती नगरपालिकाका अधिकांश वडाध्यक्षहरु पनि अख्तियारमा उजुरी परेका कारण निरन्तर बयान दिन गइरहेका छन् । वडा नम्बर २, ६, ८ र ९ नम्बरका बाहेक अन्य ८ वटा वडामा २०७४ सालकै वडाध्यक्षहरु २०७९ मा पुन: निर्वाचित भएका थिए ।

# भिमेश्वरका मिर्गौला पीडित केसीलाई झण्डै डेढ लाख सहयोग

**राजकुमार भुजेल/मध्यान्ह**
दोलखा, ३० जेठ

भिमेश्वर नगरपालिकाका मिर्गौला पीडित सञ्जिव केसीलाई झण्डै डेढ लाख आर्थिक सहयोग जुटेको छ । जिल्लाको भिमेश्वर नगरपालिका - ७ टाडीका २५ वर्षीय केसीलाई १ लाख ३८ हजार दुई सय रुपैयाँ सहयोग जुटेको हो । सोही वडा उखुबारी निवासी सामाजिक अभियन्ता निरज बस्नेतले शुरु गरेको 'दुवै मिर्गौला पीडित सञ्जिव केसी बचाउन अभियान'बाट उठेको उक्त रकम बुधबार केसीकै निवासमा पुगेर हस्तान्तरण गरिएको छ । हस्तान्तरणका क्रममा सामाजिक अभियन्ता बस्नेत, राजन बस्नेत, सामजिक व्यक्तित्व रत्न बहादुर केसी,नारायण ठकुरी, वडाका कार्यवहाक वडा अध्यक्ष खेम कुमारी श्रेष्ठ, ९ की वडा सदस्य किरण ओली, राष्ट्रिय स्वतन्त्र पार्टी दोलखाका प्रवक्ता जयराम खड्का लगायतको टोलीसहित केसीको घरमा स्थानीय पुगेका थिए।

पीडित सञ्जिवकी आमा जुना केसीले छोराको उपचारको लागि आफ्नै एउटा मिर्गौला दिएर पनि थप उपचारको लागि पैसा अभाव हुँदै गएको बताइन् । आफ्नो एउटा मिर्गौला छोरालाई दिएपनि छोरालाई समय-समयमा मिर्गौला प्लाजामा डायलासिस गर्नुपर्ने भएको बताइन् । अभियन्ता निरज बस्नेतले आर्थिक सहयोग गर्ने सबैप्रति धन्यवाद ज्ञापन गर्दै मिर्गौला पीडित सञ्जिवलाई शीघ्र स्वास्थ्यलाभको कामना समेत गरे ।

## तारकेश्वर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
धर्मस्थली, काठमाडौं

**महादेव खोला, साङ्ग्ले खोला र चुनी खोलाको विभिन्न क्षेत्रबाट ढुंगा, गिट्टी तथा बालुवा उत्खनन्/संकलनका लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

**(प्रथम पटक प्रकाशित मिति: २०८१/०२/३१)**

बागमती प्रदेश, काठमाण्डौ जिल्ला, तारकेश्वर नगरपालिकामा तारकेश्वर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, राजश्व शाखाद्वारा निम्न बमाजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | राजश्व शाखा<br>तारकेश्वर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय<br>धर्मस्थली, काठमाण्डौं, बागमती प्रदेश<br>फोन नं.: ०१-५१६८१११, ०१-५१६८०५७<br>ई-मेल: tarakeshwormun2071@gmail.com |
| प्रस्तावको व्याहोरा | काठमाण्डौं जिल्ला तारकेश्वर नगरपालिकामा रहेको महादेव खोला (महादेव खोला घाट हुदै थोकबाट बग्ने खोला), साङ्ग्ले खोला (मनोहर खोलादेखि साङ्ग्ला निहुरेखोला हुदैं चुनिखोला दोभान) र चुनी खोला (काभ्रेस्थली फुटुङ् सिमाना करिब एक कि.मि. क्षेत्र) को विभिन्न क्षेत्रबाट दैनिक १०० घनमिटर भन्दा बढि ३०० घनमिटरसम्म ढुंगा, गिट्टी तथा बालुवा उत्खनन्/संकलन तथा विक्री गर्ने योजना रहेको छ । |
| प्रभाव पर्न सक्ने क्षेत्र | बागमती प्रदेश, काठमाण्डौं जिल्ला, तारकेश्वर नगरपालिका (वडा नं. १, २ र ७) |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र साँस्कृतिक प्रणालीहरु बीच के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनी यकिन गर्न तारकेश्वर नगरपालिका, समबन्धित वडाको वडा समिति, विद्यालय, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र देहायमा उल्लिखित ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना:**

| प्रस्तावकको नाम र ठेगाना | परामर्शदाताको ठेगाना |
|---|---|
| राजश्व शाखा<br>तारकेश्वर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय<br>धर्मस्थली, काठमाण्डौं, बागमती प्रदेश<br>फोन नं.: ०१-५१६८१११, ०१-५१६८०५७<br>ई-मेल: tarakeshwormun2071@gmail.com | नेशनल इन्स्टिच्युट अफ हेल्थ एण्ड इन्भाइरोमेन्ट प्रा.लि.<br>ज्वागल, ललितपुर<br>मोबाईल नं.: ९८५१०६०२७७/ ९८४१७५८८२५<br>ई-मेल: radium.adhikari43@gmail.com<br>वेब साईट : www.nihe.com.np |

## लक्ष्मी सन्राइज बैंक लिमिटेड
शाखा कार्यालय, भद्रपुर

### निक्षेप उपर हकदाबी गर्ने सम्बन्धी ३५ दिने सूचना

स्व. नर बहादुर काफ्ले क्षेत्रीको नाति, स्व. वीर बहादुर काफ्ले क्षेत्रीको छोरा पाँचथर जिल्ला, एकतिन गा.पा. वडा नं. ०१ भई हाल झापा जिल्ला, भद्रपुर न.पा. वडा नं. ४ बस्ने ज्ञानेन्द्र काफ्ले क्षेत्रीको मिति २०८१/०१/२५ मा मृत्यु भएको कारण यस बैंक (साविक सन्राइज बैंक) को शाखा कार्यालय भद्रपुरमा निज मृतकको खाता नं. ०३९०६३१६३५४०५००१ मा रहेको निक्षेप रकम भुक्तानी पाउँ भनी निज मृतकको श्रीमती नातापर्ने स्व. वीर बहादुर काफ्ले क्षेत्रीको बुहारी, स्व. ज्ञानेन्द्र काफ्ले क्षेत्रीको पत्नी झापा जिल्ला, भद्रपुर न.पा. वडा नं ०४ बस्ने उषा काफ्ले ले यस बैंकमा आवश्यक कागजात सहित निवेदन दिनु भएको हुँदा उक्त खातावालाको नाममा रहेको निक्षेपमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदक बाहेक अग्र-प्राथमिकतामा अन्य कुनै हकदार भएको भए त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र स-प्रमाण यस बैंकमा हकदाबी गर्न यो सूचना प्रकाशित गरिएको छ। सो म्यादभित्र हकदाबी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भईजाने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ ।

लक्ष्मी सन्राइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited
लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन नं.: ४५४४६८४/८५
Email: info@laxmisunrise.com
URL : www.laxmisunrise.com

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७८/०४/२१ मा दर्ता भएको **प्रा.लि.नं. २६६९८२** को **सिप्लानेट रेष्टुरेण्ट एण्ड बार प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०२/३० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## काठ बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

**सूचना प्रकाशन मिति : २०८१/०२/३१ गते**

श्री सिंगमाला सामुदायिक वन उपभोक्ता समूह, चौ.न.पा.-०१, उदयपपुरको सामुदायिक वनबाट उत्पादन भई समुहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भएर घाटगद्धीमा राखिएको साल जातको गोलिया काठ ए ग्रेड ८ थानको १८१।२७ क्यूफिट, बी ग्रेड १९ थानको २३१।९४ क्यूफिट, सी ग्रेड १८ थानको १३१।९१ क्यूफिट, डी ग्रेड ४ थानको १६।०७ क्यूफिट गरि कूल ४९ थानको ५६१।१९ क्यूफिट र साल चिरान १० थानको १४७६६ क्यूफिट काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्धीबाट उठाई लैजानुपर्ने गरी लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक सुचिकृत व्यवसाय, फर्म वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराका सूचना यस श्री सिंगमाला सामुदायिक वन उपभोक्ता समूहको कार्यालय, सव डिभिजन वन कार्यालय बेल्टार, उदयपुरको सूचना पार्टीमा टाँस गरिएको छ ।

**श्री सिंगमाला सामुदायिक वन उपभोक्ता समूह**
**चौ.न.पा.-०१, उदयपुर**

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८१/०२/३१**

**वि.पि. एण्ड शिल्भर एन्कर इम्पोर्ट एक्सपोट प्रा.लि.**को मिति २०८१/०२/२१ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **एग्रो एक्सेल प्रा.लि.** (Agro Xcel Pvt. Ltd.) **(प्रा.लि. नं.: १३४२०१)** कायम गर्ने गरी मिति २०८१/०२/२८ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


## युएईमा वैदेशिक रोजगारको अवसर

**कम्पनी**:Descon Engineering (UAE) — **शहर**: Abu Dhabi
पूर्व स्वीकृत मिति: २०८१/०२/३० | चलानी नं. : ६०२२१०३१ | LT. No.:306333

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 35 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २९,०५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Scaffolder | 30 | 0 | | 1200 | ४३,५८४ | | | | | | | |
| 3. | Pipe/gas Fitter | 35 | 0 | | 1200 | ४३,५८४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा मिति २०८१ असार ६ गते (20 June 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि शुल्क |

– २ वर्षको गल्फ अनुभविलाइ प्राथमिकता, – अनिवार्य रुपमा अनुभव सर्टिफिकेट पेश गर्नुपर्नेछ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**मिडिल इष्ट म्यानपावर प्रा. लि.**
M.E.M.
कुपण्डोल, ललितपुर, फोन नं. ०१-५४२९९६०,०१-५४३०२६३ फ्याक्स: ०१-५५३२०८४, श्रम ई. पत्र नं. ६१/०५१/०५२
सम्पर्क: ९८१८६०७३२५ । Email: cvs.middleast@gmail.com | Web:www.middleast.com.np

## यूएईमा रोजगार

**कम्पनी**: AL MARWAN GENERAL CONT. CO. LLC. — **शहर**: UAE
पूर्व स्वीकृत मिति: २०८१/०२/२९ | चलानी नं.: ६०२२१००३ | LT. No.: 306167

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bulldozer Driver | 40 | 0 | सम्बन्धित काममा दक्ष | 2300 | ८३५३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Trench Digger Operator (Long Boom) | 20 | 0 | | 2300 | ८३५३६ | | | | | | | |
| 3. | Heavy Truck Driver | 60 | 0 | | 2000 | ७२६४० | | | | | | | |
| 4. | Shovel Operator | 10 | 0 | | 2000 | ७२६४० | | | | | | | |
| 5. | Pipe Fitter (For Road Pipeline) | 20 | 0 | | 1200 | ४३५८४ | | | | | | | |
| 6. | Concrete Mason | 20 | 0 | | 1200 | ४३५८४ | | | | | | | |
| 7. | Carpenter | 20 | 0 | | 1200 | ४३५८४ | | | | | | | |
| 8. | Road Maintenance Labour | 100 | 0 | | 1000 | ३६३२० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार ६ गते (20 June 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**OPUS MANPOWER PVT. LTD.**
श्रम ई. पत्र नं. ९४८/०६७/०६८
Samakhusi-26, Kathmandu , Landline No : 01-4957256,
Mob: 9741690732, 9829217688, 9851100368 E-mail: info@opusmanpower.com

## UAE मा रोजगार

**कम्पनी**: ZETA ALPHA ELECTROMECHANICAL WORKS LLC — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/०२/२७ | चलानी नं.: ६०२२०७८१ | LT. No.: 306069

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक दा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Steel Fixer | 15 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,५८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electrician | 20 | 0 | | 1200 | ४३,५८४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाण्डौमा २०८१ असार ६ गते (20 June 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Orchid Overseas (P.) Ltd.**
Gov. Lic. No. 889/067/68
Ram mandir Marga, Gaushala-9, Kathmandu, Tel.: 01-5913651, 5913652 Mobile: 9851048627, 9801055523
**Email:** orchidhrinfo.np@gmail.com | **Web:** orchidhr.com.np
Jhapa Contact No: 023531316 / 9801458705 / 9802078705.
Pokhara Contact No: 061590012 / 9856060451 / 9801060451

## Saudi मा रोजगार — Al Rajhi Food Company

पूर्व स्वीकृती मिति: २०८१/०२/२८ | चलानी नं. ६०२२१०४९ | LT No.: 306215

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Kitchen Worker | 10 | काममा दक्ष | 1000 | ३५,६१५।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले ब्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र कसले ब्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रु. १,५००/- कामदार आफैले | रु. ७००/- कामदार आफैले | रु १०,०००/- |

**अन्तरवार्ता २०८१ असार ६ गते (20 Jun, 2024) गते यस प्रा. लि. को कार्यालय सिनामंगलमा हुनेछ ।**

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ३) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ४) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफुसँग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**पावर हाउस ओभरसिज कन्सर्न प्रा. लि.**
श्रम ईजाजत न.: ७४१/०६४/०६५
सिनामंगल-९, एयरपोर्ट, काठमाडौं, फोन : ४४६९७१०

## SAUDI मा वैदेशिक रोजगारको अवसर

कम्पनी : Middle East Automobile and Tourism Club Company is a one person company — शहर : Riyadh
पूर्व स्वीकृत मिति: २०८१/०२/३० | चलानी नं: ६०२२१०४६ | L.T. No.: 306362

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facility Cleaning Worker | 4 | 0 | स. काममा दक्ष | 1000 | ३५,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार ६ र ७ गते (20 & 21 June 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**AL FALAH GROUP HUMAN RESOURSE PVT. LTD.**
License No: 1634/080/081
Sinamangal-09, Kathmandu, Nepal. Tel: 01-5918948
Email: alfalahgroupnpl@gmail.com, Website: alfalahghr.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

**कम्पनी:** LAMST BANATI LADIES BEAUTY SALOON COMPANY — **शहर**: KUWAIT
पूर्व स्वीकृत मिति: २०८१/०२/३० | चलानी नं.: ६०२२१०३४ | LT. No.: 306248

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hairdresser | 0 | 10 | स. काममा दक्ष | 170 | ७३,९३८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी:** KATHMANDU BIRYANI RESTAURANT — **शहर**: KUWAIT
पूर्व स्वीकृत मिति: २०८१/०२/३० | चलानी नं.: ६०२२१०३५ | LT. No.: 306252

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chef | 1 | 0 | सम्बन्धित काममा दक्ष | 190 | ८२,६३७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner | 2 | 0 | | 105 | ४५,६६८ | | | | | | | |
| 3. | Cook | 3 | 0 | | 140 | ६०,८९० | | | | | | | |
| 4. | Kitchen Helper | 3 | 0 | | 120 | ५२,१९२ | | | | | | | |
| 5. | Waiter/waitress | 1 | 3 | | 130 | ५६,५४१ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार ६ गते (20 June 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Futurecraft H.R.Solution Pvt.Ltd**
Tokha -10, SamaKhusi Kathmandu, Nepal. Tel No: 01-4972001/4972000
श्रम इजाजत नं. १६८५/०८०/०८१
E-mail: info@futurecrafthr.com

## KUWAIT मा रोजगार

कम्पनी : Neama United Group Company For General Trading & Contracting — शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८१/०२/११ | चलानी नं.: ६०२२१०४२ | LT. No.: 305408

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक दा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrician | 15 | 0 | सम्बन्धित काममा दक्ष | 115 | ५०,०१७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Helper/ Labour | 10 | 0 | | 95 | ४१,३१८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा मिति २०८१ असार ६ गते (20 June 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**खगोल ओभरसिज प्रा. लि.**
नयाँ बानेश्वर, काठमाडौं, नेपाल
श्रम इजाजत नं. ६३५/०६३/०६४
फोन:०१-५२४४०४६, ०१-५२४४७४७, ०१-५२४४४४८
Mobile: 9801022869,9801022872,9801022873.
Email: info@khagoloverseas.com.np, khagoloverseas@gmail.com . //Website: www.khagoloverseas.com.np

## यूएईमा रोजगार

**कम्पनी**: SEWAEED EMPLOYMENT L.L.C — शहर: Abu Dhabi
पूर्व स्वीकृत मिति: २०८१/०२/२९ | चलानी नं.: ६०२२०९९६ | LT. No.: 306132

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labour / Helper | 50 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २९०५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Mason | 30 | 0 | | 1200 | ४३५८४ | | | | | | | |
| 3. | Shuttering Carpenter | 20 | 0 | | 1200 | ४३५८४ | | | | | | | |
| 4. | Steel Fixer | 20 | 0 | | 1200 | ४३५८४ | | | | | | | |
| 5. | Tile Mason | 15 | 0 | | 1200 | ४३५८४ | | | | | | | |
| 6. | Scaffolder | 20 | 0 | | 1200 | ४३५८४ | | | | | | | |
| 7. | Electrician | 20 | 0 | | 1200 | ४३५८४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार ६ गते (20 June 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**आशा ईन्टरनेशनल प्रा. लि.**
License No.: 243/058/059
कान्तिमार्ग, महाराजगंज, काठमाडौं, पो.ब.नं. २४७५२ । फ्याक्स : ०१-४४३६२८५
फोन : ०१-४५४१३६१, ०१-४५४३९६७, ९८५१०६२२२६

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

३१ जेठ २०८१, बिहीबार
13 June 2024, Thursday

# तत्कालीन प्रधानाध्यापकसहित चार जनाविरुद्ध भ्रष्टाचार मुद्दा



**काठमाडौं/मस-** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले संखुवासभाको धर्मदेवी नगरपालिका वडा नं. ४ हुम्लिङ्गमा रहेको शारदा माध्यमिक विद्यालयका तत्कालीन प्रधानाध्यापक कृष्णहरि भट्टराईसहित ४ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ।

अख्तियारले गैरकानूनी लाभ तथा हानी पुर्‍याइ एवम् सार्वजनिक सम्पत्ति हानीनोक्सानी गरी भ्रष्टाचार गरेको आरोपमा प्रधानाध्यापक भट्टराईसहित चार जनाविरुद्ध बुधबार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरेको हो।

अख्तियारका प्रवक्ता नरहरि घिमिरेले तत्कालीन प्रधानाध्यापक भट्टराईसहित शिक्षक लालबाबु मण्डल, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गोपाल अधिकारी र शाक्य अफसेट प्रेसका प्रोपाइटर केशव कुमार शाक्यविरुद्ध मुद्दा दायर गरिएको जानकारी दिए।

उनीहरुले खानेपानी तथा पुस्तकालय व्यवस्थापनका लागि विनियोजन भएको रकम हिनामिना गरेको अख्तियारको दाबी छ। विद्यालयको खानेपानी आपूर्तिका लागि आर्थिक वर्ष २०७५/०७६ मा विनियोजन भएको रकम र पुस्तकालय व्यवस्थापनका लागि आर्थिक वर्ष २०७४/०७५ मा जिल्ला शिक्षा कार्यालयबाट निकासा भएको रकमबाट कुनै पनि कामको शुरुवात नै नगरी बिल भरपाइ मिलाइ रकम अनियमितता गरेको पुष्टि भएको अख्तियारले बताएको छ।

प्रधानाध्यापक भट्टराईलाई ४ लाख ६० हजार ४ सय ५५, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष अधिकारीलाई ३ लाख ४३ हजार, तत्कालीन शिक्षक मण्डललाई ३ लाख ३४ हजार र शाक्य अफसेट प्रेसका प्रोप्राइटर शाक्यलाई ४ लाख १० हजार ४५५ रुपैयाँ बिगो र सजाय माग गर्दै मुद्दा दायर गरिएको अख्तियारका प्रवक्ता घिमिरेले जानकारी दिए।

# बाँफिकोटले एक वर्षदेखि थन्किएका स्काभेटर र एम्बुलेन्स सञ्चालनमा ल्याउने



**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, ३० जेठ

रुकुम पश्चिमको बाँफिकोट गाउँपालिकामा करिब एक वर्षदेखि थन्किएको स्काभेटर र एम्बुलेन्स गाउँपालिकाले सञ्चालनमा ल्याउने भएको छ। यस विषयमा पटक-पटक कार्यपालिका बैठकमा छलफल भएको र सबै प्रक्रिया पूरा गरेर स्काभेटर र एम्बुलेन्स सञ्चालनमा ल्याउन लागिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत गणेश बिकले जानकारी दिए।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत बिकले मध्यान्हसँगको कुराकानीमा एम्बुलेन्सको ब्लुबुक नभएकाले यसका लागि खरिद गरिएको कम्पनीसँग कुरा भएको र गाउँपालिकाले आफ्नै नाममा पास गरेपछि साउनको पहिलो साताभित्र सञ्चालन गरिने बताए।

बिग्रेको स्काभेटर भने मर्मत गरेपछि सञ्चालनमा ल्याइने गाउँपालिकाको भनाइ छ। गाउँपालिकाको अपरेटर व्यवस्थापन पनि नभएकाले पनि सञ्चालनमा ढिलाइ भएको बताएको छ।


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८१/०२/३१**

**राज ज्वेलर्स एण्ड इन्भेष्टमेन्ट कम्पनी प्रा.लि. (Raj Jewellers and Investment Company Pvt. Ltd.)** को मिति २०८१/०१/२० गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **गोल्डेन हब ज्वेलरी प्रा.लि. (Golden Hub Jewellery Pvt. Ltd.) (प्रा.लि. नं.: ३११०१३)** कायम गर्ने गरी मिति २०८१/०१/२० गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८१/०२/३१**

यस कम्पनीको मिति २०७८/१२/१७ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी हेलियस सुपर स्पेस्यालिटि हस्पिटल प्रा.लि. (Helios Super Speciality Hospital Private Limited) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नाममा **हेलियस हस्पिटल प्राइभेट लिमिटेड** (प्रा.लि.नं. २४२४३०/०७७/०७८) (Helios Hospital Private Limited) को कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्टारको कार्यालयको मिति २०७९/०२/१८ गतेको निर्णय बमोजिम नाम परिवर्तन गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**हेलियस हस्पिटल प्राइभेट लिमिटेड**
**ललितपुर महानगरपालिका-०४, ललितपुर**



## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८१/०२/३१**

